म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३०१ बिहीबार, २९ जेठ २०८२ ने. सं. ११४५ तछलागा 12 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गर्मी बढेपछि मनहरीका विद्यालयमा बिहान पठनपाठन

हेटौंडा, २८ जेठ/अत्यधिक गर्मी र प्रतिकूल मौसमका कारण मकवानपुरको मनहरी गाउँपालिकाभित्र सबै सामुदायिक तथा संस्थागत विद्यालयको पठनपाठन समयमा परिवर्तन गरिएको छ । गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले जेठ २८ गते एक सूचना जारी गर्दै समय परिवर्तन भएको जानकारी दिएको हो । 'हालको गर्मी मौसमका कारण बालबालिकाहरु विद्यालयमा नियमित उपस्थित हुन नसकेको, तातो मौसमको कारण उनीहरुको स्वास्थ्यमा नकारात्मक असर पर्न थालेको, र त्यसले समुदायमा समेत असर पार्न थालेको छ । यसकारण विद्यालय सञ्चालनलाई बालमैत्री बनाउने उद्देश्यले यो निर्णय गरिएको हो' सूचनामा उल्लेख गरिएको छ । अबदेखि मनहरी गाउँपालिकाभित्रका विद्यालयले अधिकतम १० दिनको लागि बिहानीको कक्षा सञ्चालन गर्नुपर्ने छ । साथै मौसम अनुकूल भएमा सोही बमोजिम नै विद्यालय सञ्चालन गर्नुपर्ने शिक्षा अधिकृत प्रदीप पराजुलेले बताएका छन् ।

# नेसनल नमोबुद्ध र सुमेरु सहकारीको अनियमितता छानबीनको बाटो खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, २८ जेठ/ बागमती प्रदेश सरकारले समस्याग्रस्त घोषणा गरेको नेसनल नमोबुद्ध र सुमेरु ऋण सहकारीमा भएको आर्थिक अनियमितताको छनबीनका लागि बाटो खुलेको छ ।



सहकारी तथा गरिबी निवारण मन्त्रालयले छनबीन गर्न समिति गठन गरेपछि त्यसलाई रोक्न सहकारी व्यवस्थापनपक्ष गत चैत २ गते रिट लिएर सर्वोच्च अदालत पुगेको थियो । सर्वोच्चले रिट खारेज गरेपछि छानबीनको बाटो खुलेको हो । नमोबुद्ध र सुमेरु सहकारीको रिट निवदेन खारेज भएको छ । बागमती प्रदेश सरकारले समस्याग्रस्त घोषणा गरेलगत्तै हुने भनिएको छानबीन रोक्न सहकारी व्यवस्थापनपक्ष रिट लिएर सर्वोच्च गएका थिए । रिट सोमबार खारेज भएको हो । सर्वोच्चका न्यायधीश कुमार रेग्मी र महेश शर्मा पौडेलको संयुक्त इजलाशले सोमबार रिट खारेज गर्ने फैसला गरेको हो ।

सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले नमोबुद्ध र सुमेरु सहकारीको रिट निवेदन खारेज भएको बताए । उनले भने, 'नमोबुद्ध र समेरु सहकारीको सर्वोच्चमा रिट निवेदन परेको थियो । बागमती प्रदेश सरकारले समस्याग्रस्त घोषणा गरेलगत्तै हुने भनिएको छानबीन रोक्न भन्दै उनीहरु रिट लिएर सर्वोच्च आएका थिए । रिट सोमबार खारेज भएको छ ।' मन्त्रालयले गत पुस २८ गते ती सहकारीलाई समस्याग्रस्त घोषणा गर्दै आर्थिक अनियमितता छानबीन गर्न समिति गठन गर्ने तयारी गरेको थियो ।

सर्वोच्चको फैसला हालसम्म प्रदेशस्थित मन्त्रालय भने पुगेको छैन । मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले रिट निवेदन खारेजी फैसला भएको पत्र मन्त्रालय आइनपुगेको बताए । उनले भने, 'नमोबुद्ध र सुमेरु सहकारी समस्याग्रस्त घोषणा भएको जानकारी छ । तर, यो विषयमा परेको रिट सर्वोच्च अदालतबाट खारेज भएको विवरण भने जानकारी भएन । सर्वोच्चको फैसला मन्त्रालय आइनपुगेको हुँदा पनि यस्तो भएको हुन सक्छ ।'

समस्याग्रस्त घोषणा भएलगत्तै गत पुस २८ गते दुबै सहकारीमा तालाबन्दी गरिएको थियो । तालाबन्दीसँगै कार्यालयबाट कम्प्युटरका हार्डडिक्स र अन्य कागजात जफत गरिएको थियो । प्रदेशस्थित सहकारी रजिस्ट्रारको कार्यालयबाटै समस्या समाधान गर्ने वा थप अनुसन्धानका लागि नेपाल प्रहरीलाई सिफारिस गर्ने सम्बन्धमा अध्ययन हुँदै गर्दा व्यवस्थापनपक्ष रिट लिएर सर्वोच्च पुगेका थिए । त्योसँगै सबै प्रक्रिया अवरुद्ध भएको थियो । मन्त्रालयका अनुसार नमोबुद्धले करिब ११ हजार बचतकर्ताको एक अर्ब ५२ करोड डुबाएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ । सुमेरुले दुई अर्ब २५ करोड १४ लाख रुपैयाँ अपचलन गरेको बताइएको छ ।

सुमेरुसँग १३ अर्ब बढीको सम्पत्ति रहेको अनुमान गरिएको छ भने सात अर्बभन्दा बढीको दायित्व रहेको छ । सुमेरुविरुद्ध ८४८ जना बचतकर्ताले उजुरी दिएका छन् । मन्त्रालयको सहकारी महाशाखाका अनुसार हालसम्म बागमती प्रदेशमा ५ वटा सहकारी समस्याग्रस्त घोषित भएका छन् । नेश्नल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं, लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं, सुमेरु सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लि. ललितपुर, दर्शन बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं र सिभिल बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं समस्याग्रस्त सहकारी घोषणा भएका छन् ।

बागमती प्रदेशमा रहेका ३ हजार २ सय २९ सहकारीमध्ये जेठ २५ गतेसम्म ३ सय ५१ वटा सहकारीविरुद्ध उजुरी परेका छन् । तीमध्ये ६० वटा प्रहरी अनुसन्धानमा छन् भने १४ वटा सहकारीको अनुसन्धान जिम्मा सीआईबीलाई दिइएको छ ।

# हेटौंडा सिमेन्ट उद्योगमा चरम बेथिति, छानबीनको माग



साझाकुरा संवाददाता

हेटौंडा, २८ जेठ/नेपाल सरकारको पूर्णस्वामित्वमा सञ्चालित हेटौंडा सिमेन्ट उद्योग लिमिटेडमा चरम बेथिति भएको भन्दै कर्मचारी संगठनले उद्योग व्यवस्थापन र केही कर्मचारीको कार्यशैलीमाथि प्रश्न उठाएका छन् ।

तीनवटा मजदूर युनियनले संयुक्तरुपमा प्रेस विज्ञप्ती जारी गर्दै व्यवस्थापकीय लापरवाही र अनियमितताको छानबीनको माग गरेका हुन् । युनियनले उद्योगका नवौं तहका एक कर्मचारीले उद्योग प्रमुखको कार्यक्षेत्र मिचेर आधिकारिक आदेशबिना मौखिक निर्देशनका भरमा सिमेन्ट बिक्री प्रक्रिया अवरुद्ध गराएको आरोप लगाएका छन् । सिमेन्ट बिक्री उद्योगको प्रमुख आम्दानीको स्रोत भएकोले यसमा अवरोध हुँदा कर्मचारीको भविष्य जोखिममा परेको उनीहरुको भनाइ छ ।

विज्ञपीतमा उद्योगको बिक्री निर्देशिका विपरीत सिमेन्ट उधारोमा बिक्री गरिएको र करोडौं रुपैयाँ असुल हुन बाँकी रहेको उल्लेख छ । छानबीन समितिको प्रतिवेदन अनुसार ३ करोड ८८ लाख ८९ हजार असुल गर्न बाँकी रहेकोमा उद्योगले नियतवश १ करोड ४२ लाख ४६ हजार मात्र असुल प्रक्रिया अघि बढाएको युनियनको आरोप छ । उनीहरुले उद्योगमा प्रयोग हुने कोइला तथा अन्य कच्चापदार्थ बजार दरभन्दा अत्यधिक मूल्यमा खरिद गरिएकोले सिमेन्टको उत्पादन लागत बढेको दाबी गरेका छन् ।

त्यस्तै, उद्योगको भैंसे खानीसम्मको रोपवे कवाडीको मूल्यमा बेचेको, बिक्री प्रक्रिया बाहिर रहेका सामग्री र हराएका ट्रान्सफर्मरमा पनि ठेकेदार र व्यवस्थापनको मिलेमतो रहेको आशंका युनियनहरुको छ । युनियन अध्यक्षहरु र सल्लाहकारलाई उद्योग प्रवेशमा रोक लगाइएको घटनालाई गम्भीर अपमानजनकरुपमा लिइएको उनीहरुले बताएका छन् । गैरकानुनी गतिविधिमा संलग्न कर्मचारीमाथि तुरुन्त कारबाही गर्न सम्बन्धित निकाय समक्ष माग समेत गरेका छन् ।

समग्र उद्योग ट्रेड युनियन नेपालका अध्यक्ष कुमार खतिवडा, नेपाल कारखाना श्रमिक संघका अध्यक्ष विशाल नेपाल र अखिल नेपाल औद्योगिक मजदुर संघका अध्यक्ष नेमा डिमडुङद्वारा जारी विज्ञप्तीमा उद्योगलाई नाफामूलक, पारदर्शी र कर्मचारीमैत्री बनाउने माग राखिएको छ ।

# बागमती प्रदेश गौरवको योजना मुख्यमन्त्रीलाई बुझाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २८ जेठ/प्रदेश राजधानी हेटौंडा तथा मकवानपुर जिल्लाको दीर्घकालीन विकासलाई लक्षित गर्दै बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले प्रदेश गौरवको योजना समेटिएको विस्तृत पत्र प्रदेश सरकारका मुख्यमन्त्री बहादुरसिंह लामालाई बुझाएका छन् । योजना २०८२/८३ को नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्न आग्रह गरेका छन् ।

सांसद श्रेष्ठले प्रस्तावित गौरवका योजना बुझाउँदै परियोजनाहरु हेटौंडा राजधानीको रूपमा सुशोभन गर्न, भौतिक पूर्वाधार विकास, सामाजिक सेवा प्रवर्द्धन तथा दिगो सहरी विकासका लागि अपरिहार्य रहेको स्पष्ट पारे । प्रदेश सभा सदस्य श्रेष्ठले प्रदेशको प्रशासनिक भवन निर्माण, हेटौंडा-काठमाडौं सुरक्षित मार्ग (भीमफेदी-कुलेखानी), हेटौंडा बाइपास सडक (चुरियामाई-चोकिटोल), कर्रा नदी कोरिडोर, एकीकृत सहरी विकास योजना (टाउन प्लानिङ), प्रदेशसभा गृह निर्माण, हेटौंडा चक्रपथ निर्माण, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश विश्वविद्यालय लगायत योजनालाई आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा आवश्यक रकम सहितको व्यवस्था गर्न आग्रह गरे ।

श्रेष्ठले योजनापत्र पेश गर्दै प्रदेश राजधानी हेटौंडाको भौतिक संरचना अत्यन्तै कमजोर रहेको, प्रशासनिक सेवा सुविधाको अभाव रहेको, सहरीकरण अव्यवस्थित भएको, तथा शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा गम्भीर लगानीको खाँचो रहेको उल्लेख गरेका छन् । सांसद श्रेष्ठको प्रस्तुति र योजनाको औचित्यप्रति मुख्यमन्त्री लामाले गम्भीर चासो व्यक्त गर्दै प्रदेश सरकार विकासका आधारमा स्पष्ट र कार्यान्वयनमुखी ढंगले अघि बढ्ने बताए । उनले भने, 'हामी जनअपेक्षाअनुकूल बजेट ल्याउने तयारीमा छौं । यस्ता गम्भीर, यथार्थपरक र भविष्य दृष्टिकोणयुक्त योजनालाई प्राथमिकतामा राखिनेछ । केही योजना तुरुन्त कार्यान्वयनमा लैजान सकिन्छ भने केहीलाई चरणबद्धरुपमा अघि बढाइनेछ' मुख्यमन्त्रीले योजना कार्यान्वयनका लागि प्रदेश योजना आयोग, सम्बन्धित मन्त्रालय र प्राविधिक निकायसँग समन्वय गरेर ती योजना थप परिमार्जन, विस्तृत परियोजना प्रतिवेदन (एमओयू) तयारी र बजेट व्यवस्थापन गर्न निर्देशन दिने बताएका छन् । प्रदेश गौरव योजना सार्वजनिक भएसँगै स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी र नागरिक समाजले सांसद श्रेष्ठको पहलको स्वागत गरेका छन् । उनीहरुले यस्ता योजनाले हेटौंडालाई साँच्चिकै राजधानी बनाउने दिशामा सरकार गम्भीर रहेको सन्देश दिने विश्वास व्यक्त गरेका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# भ्रष्ट्राचारमा डुब्दै हेटौंडा सिमेन्ट उद्योग

पछिल्ला वर्षहरुमा हेटौंडा सिमेन्ट उद्योगको अवस्था ओरालो लागेको छ । नाफामा जान नसकेपछि उद्योगमा चरम संकट पैदा भएको छ । आफ्ना पूर्वाधार बिक्री गरेर तलब खानुपर्ने अवस्थामा पुगेको छ । उद्योगको उत्पादन ठप्प छ र खर्च यथावत छ । सानो निर्णय गर्न पनि सरकारी संयन्त्रको झण्झटिलो प्रक्रियाका कारण उद्योगले आगामी दिनमा गति लिन सक्ने सम्भावना न्यून छ । सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगको उत्पादन चैतको दोश्रो साताबाट पुन: सुरु हुने भनिए पनि उद्योग दीर्घकालीन संचालनको अवस्था देखिएको छैन । केही समयका लागि संचालन गरेजस्तो मात्र हुनसक्छ । उद्योगको आर्थिक अवस्था चरम संकटमा छ । गत असोजको पहिलो साताबाट बन्द भएको सिमेन्ट उत्पादन पुन सुरु गर्ने तयारी भएको हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापनले जनाएको छ । यसअघि उद्योग व्यवस्थापनले मङ्सिरमै सिमेन्ट उत्पादन सुरु गर्ने बताए पनि उद्योगको विभिन्न उपकरणहरु मर्मत र आर्थिक अभावको समस्याका कारण उत्पादन सुरु हुन नसकेको हो ।

उद्योगको क्लिङ्कर मेसिनलगायत उपकरणको मर्मतकार्य भइरहेको बताइएको छ । चैत्र पहिलो सातासम्ममा विद्युतको व्यवस्थापन गरेर सम्भवत चैत्र दोस्रो साताबाट उत्पादन सुरु हुने उद्योग व्यवस्थापन समितिले बताएको छ । तीन महिनादेखि उद्योगका कर्मचारीले तलब खान पाएका छैनन् । विहान बेलुकाको समयमा विद्युत काटिंदा समस्या छ । कामदार कर्मचारीको तलबभत्तासमेत भुक्तानी हुन नसकिरहेको उद्योगको वर्तमान जटिल अवस्थामा उत्पादन नै यस अवस्थाबाट उन्मुक्ति दिलाउने प्रमुख आम्दानीको स्रोत भएको उद्योग प्रशासनले बताएको छ । सबैको साथ र सहयोगबाट उद्योगमा सकारात्मक परिर्वतन ल्याउन सकिने उद्योगको अपेक्षा छ । उद्योगलाई जीवन्त राख्न सकिने भन्दै सहयोग गर्न उद्योग व्यवस्थापनको आग्रह छ । उद्योग संचालनका लागि अहिले आवश्यक कचचापदार्थ (क्लिङ्कर) तयारी अवस्थामा रहेको बताइएको छ । यसअघि पनि आर्थिक अभावका कारण उद्योग पटकपटक बन्द हुँदै आएको थियो । उद्योग बन्द हुने अवस्थामा पुगेपछि स्थानीय संघर्ष समितिले उद्योग संचालनका लागि आन्दोलन गरेका थिए । दैनिक सात सय ५० टन सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको भएपनि पुरानो मेसिनमा देखिएको समस्या र जनशक्ति अभावमा उद्योगबाट सिमेन्ट उत्पादन हुन सकेको छैन । उद्योगमा हाल एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत रहेका छन् । केही समयअघि मात्र उद्योग सञ्चालनको लागि आर्थिक स्रोत जुटाउन उद्योगले रोपवे बिक्री गरेको थियो । उद्योगको कच्चापदार्थ आपूर्तिका लागि खानी क्षेत्रबाट उद्योगसम्म निर्माण गरिएको रोपवे लामो समयदेखि बन्द अवस्थामा रहेको थियो । उद्योगले विगतमा सिमेन्ट बनाउन आवश्यक चुनढुंगा ढुवानीका लागि प्रयोगमा ल्याएको रोपवे बिक्री गरेको हो ।

उद्योग प्रशासनले बाराको लिपनीमालस्थित पीएस एन्ड सन्स इन्टर प्राइजेजलाई भ्याटसहित चार करोड २५ लाख ६ हजार ८० रुपैयाँमा रोपवे बिक्री गरेको हो । उद्योगले २०४२ सालबाट भैंसेखानीबाट लामसुरेस्थित कारखानासम्म ११ किलोमिटर लम्बाइको रोप-वे चुन ढुंगा ढुवानी गर्न सञ्चालनमा ल्याएको थियो । प्रतिघण्टा ३ सय मेट्रिकटन चुनढुंगा ढुवानी गर्ने क्षमता रहेको रोप-वेको सुरुमा १६५ वटा बकेट (क्यारियर) रहेका थिए । रोप-वे बिग्रिएपछि त्यसका क्यारियर पनि झर्दै गए जसका कारण हाल त्यसमा १ सय ४० जति बाँकी थियो । २०६२ सालदेखि रोप-वे पूर्णरुपमा बन्द रहेको थियो । २०६० सालको बाढीपहिरोले भैंसे त्रिखण्डी नजिकको टावरमा क्षति पुगेपछि रोप-वे बन्द भयो । करिब १० करोड लगानीमा निर्माण भएको रोप-वेको टावरमा बाढीले क्षति पुऱ्याएपछि पूर्णरुपमा बन्द भएको हो । उद्योग विगत केही वर्षदेखि घाटामा छ । २०३३ सालमा एसियाली विकास बैंकको सहयोगमा स्थापना गरिएको यो उद्योगले उत्पादन गरेको सिमेन्ट उपभोक्ताले महिनौं पालो कुरेर लिने गरेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ जेठ ३० गते शुक्रबार १३ जुन २०२५ । द्वितीया, असाढ कृष्णपक्ष । तछलागा ११४५ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | तुला | : रोकिएका काम सम्पादन हुनेछन् |
| वृष | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | वृश्चिक | : पठन-पाठनमा प्रगति हुनेछ |
| मिथुन | : शुभ समाचार मिल्नेछ | धनु | : सभा-समारोहमा अवसर मिल्नेछ |
| कर्कट | : व्यापार लाभप्रद रहनेछ | मकर | : आत्मविश्वासमा कमी आउनेछ |
| सिंह | : सन्तानको चिन्ता बढ्नेछ | कुम्भ | : व्यापारमा हानि हुन सक्नेछ |
| कन्या | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | मीन | : समाजमा सराहना हुनेछ |

# ऋण तिर्नकै लागि ऋण लिनु डरलाग्दो



प्रा.डा. सञ्जय आचार्य

सरकारले संसद्मा प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/८३ को बजेट सुधारवादी चरित्रको छ । तर, यो समग्र अर्थतन्त्रलाई संरचनात्मक परिवर्तन गर्नसक्ने किसिमको बजेट होइन । सार्वजनिक वित्त सन्तुलन र बजेट अनुशासनलाई अहिलेको बजेटले अलिकति जोड दिएको छ । व्यवसायमैत्री वातावरणको सिर्जना र निजी क्षेत्रको लगानी प्रवर्द्धनलाई यो बजेटले हाइलाइट गर्न खोजे जस्तो देखिन्छ । डिजिटल पूर्वाधार र अर्थतन्त्र निर्माणको विषय युवा उद्यमीलाई नयाँपन हो । बजेटले जलवायु परिवर्तन र विपद् व्यवस्थापनमा केही चासो र सरोकार व्यक्त गरेको छ । वित्त प्रणालीमा कसरी अनुशासन गुमाउँदै गइरहेका छौं, कसरी हामीले विस्तारै सन्तुलित बनाउनुपर्छ भन्ने सन्दर्भमा केही प्रयासहरू गर्न सुरुवात गर्न खोजेको स्थिति छ । विकास वित्तको विस्तार गरेको छ ।

विगत केही सालका बजेटहरू हेऱ्यौं भने पूँजीगत खर्च भन्दा ऋणको सावाँ-ब्याज भुक्तानीमा बढी खर्च हुन थालेको स्थिति थियो । त्यसमा सरकारले चासो र सरोकार देखाएको छ । राजस्व प्रणाली सुदृढीकरणको कुरा गरिएको छ । यो पनि अत्यन्त आवश्यकता खट्किरहेको स्थिति हो । बजेटले धेरै ठूलो परिवर्तन गर्न खोजेको छैन । सरकारको वित्तीय स्थिति हेर्ने हो भने सरकारको नियमित खर्च पनि राजस्वले धान्न नसक्ने स्थिति आइसक्यो । यो स्थिति भनेको संघीय सरकारको हो । प्रदेश र स्थानीय तहको सम्पूर्ण राजस्व र खर्चलाई एकै ठाउँमा राखेर हेर्ने हो भने त्यति सारो डरलाग्दो स्थिति आइसकेको छैन । नेपालको बजेट घाटा सामान्यतया जीडीपीको ६ देखि ७ प्रतिशतको हाराहारी छ । यसमा सीमान्त सुधार भएको जस्तो मात्रै देखिन्छ ।

सरकारको नियमित खर्च राजस्वले जसोतसो धानिरहेको छ । पूँजीगत खर्च र ऋण व्यवस्थापनलाई ऋण लिनुपर्ने भएकाले सार्वजनिक ऋण बढ्दै गएको छ । अहिले नेपालको ऋण कुल गार्हस्थ्य उत्पादनको ४२ प्रतिशत हाराहारी त पुगिसकेको छ । ४२ प्रतिशतको सार्वजनिक ऋण डरलाग्दो फिगर होइन । किनभने औद्योगिक देशहरू जस्तै जापान, संयुक्त राज्य अमेरिकामा २०० प्रतिशत भन्दा बढी सार्वजनिक ऋण छ । त्यहाँ अर्थतन्त्रले राम्रै काम गरिरहेको छ ।

राजस्वले नियमित खर्च मात्रै धान्न सक्ने भएकाले ऋण तिर्न पनि ऋण नै लिनुपर्ने स्थिति चाहिं डरलाग्दो हो । जीडीपीको १०० प्रतिशतको हाराहारी ऋण पुगेपछि श्रीलंका ठूलो वित्तीय संकटमा फस्यो, त्यति ठूलो परिवर्तनहरू भयो । ऋण लिएर उत्पादनशील क्षेत्रमा खर्च गर्न सकेनौं भने त्यसले उत्पादकत्व नबढाउने र थप ऋणको बोझ थप्दै जाने हुन्छ । त्यसैले ऋण तिर्नको लागि ऋण लिनुपर्ने स्थितिलाई नियन्त्रण गर्नुपर्छ । यो समस्यालाई उपयुक्त आर्थिक नीतिले सम्बोधन गर्नुपर्ने खाँचो छ । सरकारी राजस्वको प्रवृत्ति हेर्ने हो भने नेपालले झन्डै १८ प्रतिशत राजस्व संकलन गरिरहेको छ । यो अनुपातमा नेपाल दक्षिणएशियामा नै उच्च छ । त्यसो हुँदा नेपालले राजस्व संकलन गर्न नसकेको होइन । तर, नेपालको आवश्यकता नै ठूलो छ ।

विकास निर्माणमा बढी लगानी गर्नुपर्ने छ तर अन्तर्राष्ट्रिय ऋण र अनुदान पाउन सक्ने क्षमता कमजोर हुँदै गएको स्थितिमा छ । कुल गार्हस्थ्य उत्पादनको एक प्रतिशत भन्दा पनि कम अनुदान आउन थालेको छ । फलस्वरुप साधन र स्रोतको परिचालन अत्यन्त जटिल बनेको छ । संघीय सरकारको २० प्रतिशतको हाराहारी पूँजीगत खर्च र २० प्रतिशतकै हाराहारी वित्त व्यवस्थापनमा खर्च गर्ने भन्छौं । तर, खर्च भएको स्थिति हेर्ने हो भने १३-१४ प्रतिशत मात्रै पूँजीगत खर्च भएको छ । २० प्रतिशत जति वित्तीय व्यवस्थामा खर्च भएको छ । चालु खर्च ६८ प्रतिशतको हाराहारी रहेको छ ।

पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्चहरू समग्रमा हेर्दाखेरि तीनै तहको सरकारको बजेटलाई एकै ठाउँमा राखेर हेऱ्यो भने पूँजीगत खर्च वित्त व्यवस्थापन भन्दा केही बढी नै देखिन्छ । समस्या संघीय सरकारको खर्चमा हो । गत दुई आर्थिक वर्षको वित्तीय हस्तान्तरण हेऱ्यौं भने घट्दै गएको छ । पूँजीगत खर्च गर्न सक्ने क्षमता संघीय सरकारमा भन्दा प्रदेश र स्थानीय तहमा राम्रो देखिन्छ । तर, संघीय सरकारले दिने वित्तीय हस्तान्तरण घट्दै गएको स्थितिले गर्दा वित्त परिचालन बढी पेचिलो बन्दै गएको छ । पूँजीगत खर्चमा सुधार गर्न वित्तीय हस्तान्तरणबाट जाने रकममा कमी गर्नुहुँदैन । स्थानीय र प्रदेश सरकारले गर्न सक्ने जति क्षमता छ त्यसलाई पूरा गरिदिनुपर्दछ । कटौती गर्नेतिर जानुहुँदैन किनभने कटौतीले राम्रो परिणाम दिँदैन ।

### हाम्रो बजेट प्रणालीका मूलभूत समस्या

हाम्रा प्रक्रियागत कमजोरीहरू पनि छन् । कुनै पनि नयाँ सालको बजेट निर्माण गर्दा हामी पुरानो बजेटको समीक्षा गर्दैनौं । शून्यबाट शुरू गर्छौं । कार्यक्रमहरू बढ्छन् । कार्यक्रमहरू राखेपछि साधन र स्रोतहरूबारे हेर्छौं । त्यो खर्च कहाँबाट जुटाउने भनेर अन्तिममा बजेट टुंग्याइन्छ । हाम्रा खर्चहरू कत्तिका उत्पादनशील भए त्यसको समीक्षा नगरिकन एउटै ढर्रामा हामीले बजेट बनाइराख्यौं भने ती समस्याहरू दोहोरिरहन्छन् । र, यो प्रवृत्ति हामीकहाँ रहिरहेको छ । अहिले जुन ढंगले बजेट बनाइर हेका छौं, त्यसमा बजेटको प्रणालीमा हामीले केही सुधार गर्नुपर्ने देखिन्छ । लक्ष्य भेट्ने सम्भावना नभए पनि अघिल्लो वर्षभन्दा ठूलो आकारको बजेट बनाउने मनोविज्ञानले काम गरिरहेको छ ।

पोहोरकै साढे १८ खर्बको बजेट खर्च गर्न नसकेको अवस्थामा छ । १५-१६ खर्बको हाराहारीमा बजेट खर्च हुने स्थितिमा झन्डै २० खर्बको बजेट बनाइराखेका छौं । खर्च गर्ने क्षमता नभएको बुझेरै पनि बजेटको आकार बढाइएको छ । बजेटमा वास्तविकतामा आधारित नहुँदा वित्तीय अनुशासनहीनताको जन्म हुन्छ ।

### विगतमा कांग्रेस सरकारले ल्याएको बजेटको विशेषता

विगतमा कांग्रेसले ल्याएको बजेटको जस लिन पार्टीले सकिरहेको छैन । २००८ सालमा सुवर्णशमशेरले प्रस्तुत गरेको बजेटमा एउटा बजेटरी कोषको व्यवस्था थियो । पछिल्लो समय छुट्याएको बजेटबाट खर्च पुगेन भने र कमान्तर गरेर खर्च गर्ने प्रवृत्ति मौलाएको छ । कुल बजेटको १२ प्रतिशतभन्दा बढी रकमान्तर गरेर एउटा शीर्षकबाट अर्को शीर्षकमा सारेर खर्च गर्ने प्रवृत्ति बढेर गएको छ । यसले अनुशासनहीनतालाई बढाउँछ । त्यो गर्नुभन्दा २००८ सालको बजेटमा गरिएको जस्तै बजेटरी कोषको व्यवस्था गर्ने र नपुगेको खर्च त्यहाँबाट पूर्ति गर्ने विधि उचित हुन्थ्यो ।२०४८ सालमा जब आर्थिक उदारीकरण शुरू भयोह कांग्रेसको सरकारले बृहत्तर क्षेत्रमा औद्योगिक नीति लियो । श्रम नीतिहरू आए, श्रम बजारमा धेरै सुधारहरू गरियो ।

हाम्रो मुद्रा 'कन्भर्टिबिलिटी'मा लगियो । त्यसपछि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन आयो । त्यसको जगमा नै अहिलेको आर्थिक गतिविधिहरू चलिरहेका छन् । अब दोस्रो चरणको आर्थिक सुधारका कार्यक्रमहरू अगाडि लिएर जानुपर्छ । विकास बजेटको ७० प्रतिशत गाउँमा जाने परिपाटी महेश आचार्यले बजेट वक्तव्यबाट शुरू भएको हो । त्यसका नामहरू परिवर्तन भए, आफ्नो गाउँ आफैं बनाऊँ कार्यक्रम आए । गाउँमा जाने साधन र स्रोत कटौती भएनन् ।

नामहरू परिवर्तन भएर बजेट ग्रामीण क्षेत्रमा जान्थ्यो, त्यो कायमै रहेको छ । त्यसको क्रेडिट कांग्रेसको सरकारलाई जान्छ । ग्रामीण विद्युतीकरण, खानेपानी र कृषि सडकको स्तरोन्नतिसँग जोडिन्थ्यो । ग्रामीण अर्थतन्त्रको विकासमा साना र घरेलु उद्योग, ग्रामीण विद्युतीकरण, खानेपानी र कृषि सडकलाई एउटा प्याकेज प्रोग्रामको रूपमा विकास बजेटहरू जानुपर्छ । कृषि क्षेत्रमा अनेकौं झन्झटिला प्रावधान छन् । डा. प्रकाशशरण महत अर्थमन्त्री हुँदा कृषि अनुदानलाई उत्पादनसँग जोड्नुपर्छ भन्ने नीति लिइएको थियो । अहिले त्यो हराएको छ । यसलाई अघि बढाउँदै जानुपर्दछ । विभिन्न प्रकारका कृषि अनुदानहरूलाई एकत्रित गर्ने र त्यसलाई उत्पादनसँग जोडिने कुराको सुरुवात हुनुपर्छ ।

### कर नीतिहरू परिवर्तन गर्नुपर्दछ

हाम्रा कर नीतिमा सुधार गर्नु जरूरी छ । केही करहरूको सन्दर्भमा केही निश्चित किसिमका सुधारहरू तत्काल गरिर हनुपर्ने स्थिति छ । आयकरका विवाद छन् । जस्तो सेयर कारोबारमा कर कसरी लगाउने ? सेयर लगानीबाट सरकारले कसरी राजस्व लिने तय गर्नुपर्छ । सरकारले सेयर बजारमा नाफामा कर लिइरहेको छ, तर घाटालाई समायोजन गर्न नपाउने स्थिति छ । त्यो अन्त्य भएर समग्रमा कर लिनुपर्छ । आयकरको सामान्य स्ल्याबहरू छन्, त्यसैको आधारमा पूँजीबजारबाट कर संकलन गर्नुपर्छ । बोनस सेयरको आम्दानीमा पनि त्यही समस्या छ । लाभांशमा कम्पनीले कर तिरिसकेको हुन्छ, पछि फेरि व्यक्तिले कर तिर्दा दोहोरो कर लागेको छ । यसलाई कसरी अन्तर्राष्ट्रिय असल अभ्यासहरू के छन्, यसको रिभ्यु गर्नुपर्छ ।

स्वास्थ्य र वातावरणलाई हानि पुऱ्याउने गतिविधिलाई मात्रै अन्त:शुल्कको दायरामा राख्नुपर्छ । अन्यबाट अन्त:शुल्क हटाउँदै लैजानुपर्छ । जहाँ कर संकलन हुने सम्भावना छ, हामीले त्यहाँ अन्त:शुल्क पनि लगाएका छौं । तर, अन्त:शुल्कको सिद्धान्त अनुसार जथाभावी अन्त:शुल्क लगाउन मिल्दैन । मूल्य अभिवृद्धि कर लगाउन नसकिनेलाई पनि अन्त:शुल्क लगाउन सकिन्छ । हामीले विश्व व्यापार संगठनको सदस्यता लिइसकेका छौं । साफ्टा, बिमस्टेकको सदस्यता लिइसकेपछि करका दरहरू बिस्तारै घटाउँदै लैजानुपर्ने बाध्यता छ । त्यसले गर्दा भन्सार करबाट राजस्व बढाउने भन्ने उद्देश्य राख्ने होइन । त्यसलाई सरलीकरण गर्ने हो, चुहावटलाई रोक्ने हो ।

हार्मोनाइज्ड कोड उल्लेख नगर्ने, वस्तुको परिणाम फरक पार्ने, वस्तुको गुणस्तर फरक पारेर न्यून बिजकीकरण गर्ने, यस्ता कामहरूलाई कन्ट्रोल गर्नुपर्छ । भन्सारको दर बढी भएका कारणले न्यून बिजकीकरण, बिलिङ नै कम गरेकाले त्यस्तो दर घटाउनुपर्छ । भन्सारमा कर कटौती गर्ने होइन, लिने हो । करको दायरा भित्र ल्याउने हो । विलासिता शुल्क लिनुभन्दा सबैलाई मूल्य अभिवृद्धि करको दायरामा ल्याउनुपर्छ । अहिले सुनचाँदी व्यवसायीहरूले आन्दोलन गरिरहेका छन् । त्यसलाई मूल्य अभिवृद्धि करभित्रै राखिदिएको भए कुनै आन्दोलन गर्नुपर्ने बाध्यता थिएन । सबैलाई कर लागेको छ, तपाईंहरूको व्यवसाय पनि करमा आउनुपर्छ भनेको भए हुनेथियो ।

करको दायरामा ल्याउन नसकेका साना व्यवसायी, जसको एकाउन्टिङको सिस्टम पनि छैन, सरकारले त्यसको लागि धेरै ठूलो प्रशासनिक समय, झमेलाहरू खर्च गर्न सक्दैन, तिनलाई भ्याटको दायरा बाहिरै व्यवसाय गर्न दिने हो । त्यस हिसाबले गर्दा न्यूनतम थ्रेसहोल्डमा कर नलिने र त्यसमाथि लिने गरिएको हो । मूल्य अभिवृद्धि करलाई दुई तहमा लगाउनुपर्ने व्यवसायीको माग छ । त्यसमा सरकारले चासो दिएको छ, सुरुआत भएको भने छैन । यसमा केही कामहरू गर्नु आवश्यक छ । शून्य दर लागेका व्यापारलाई कर फिर्ता र अनुदानको व्यवस्था गर्नुपर्छ । अन्त:शुल्कमा पनि त्यो सन्दर्भ लागू हुन्छ ।

जलवायु वित्तमा पहुँच बढाउन सकेका छैनौं । पहुँच बढाएर हरित जलवायु वित्त कोषबाट सहायता लिनुपर्छ । जलवायु परिवर्तनको जोखिम बेहोर्ने मुलुकमा नेपाल नवौं ठूलो राष्ट्र हो । त्यसकारण हरित जलवायु वित्तबाट सहयोगमा पनि हाम्रो अधिकार छ । तर, हाम्रो लिन सक्ने क्षमता छैन । त्यो अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय विभाग र त्यस अन्तर्गत जलवायु वित्त विभागको क्षमता अभिवृद्धि गर्नुपर्ने र पहुँच बढाउनुपर्ने स्थिति छ ।

*(साभार: अनलाइनखबर)*

# अख्तियारले बालेको सुशासनको चम्किलो दियो

सागर पण्डित

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार निवारणका लागि चालेका कदम र कामकारबाहीले सानादेखि ठूला सबै खाले भ्रष्टाचारीको मुटु काम्न थालेको पाइएको छ । मुलुकमा भ्रष्टाचारका कारण हैकम जमाएर बसेका आईटी क्षेत्रका केही ठूला भ्रष्टाचारीहरु लामो समयदेखि जेलजीवन बिताएर बस्न बाध्य छन् । यही क्रममा अख्तियारले पतञ्जलि जग्गा अनियमितता प्रकरणमा पूर्वप्रधानमन्त्री, मन्त्री, पूर्व-मुख्यसचिवलगायत ९३ जनाविरुद्ध पहिलोपटक भ्रष्टाचार मुद्दा दायर गरी पूर्वप्रधानमन्त्रीलाई पनि छानबिनको दायरामा ल्याउन सकिन्छ भन्ने ऐतिहासिक सन्देश दिएको छ ।

अख्तियारको यो साहसिक कदम केवल एउटा कानुनी प्रक्रिया मात्र होइन, भ्रष्टाचार विरुद्धको निर्णायक लडाइँको उद्घोषसहितको ऐतिहासिक मोर्चा हो । प्रमुख आयुक्त प्रेमकुमार राईको नेतृत्वमा अहिलेको अख्तियारले जुन साहस र प्रतिबद्धता देखाएको छ, त्यो नेपालको भ्रष्टाचार विरोधी अभियानको इतिहासमा स्वर्णिम अध्यायको रूपमा स्थापित भएको छ । झन्डै ५० वर्ष लामो इतिहास बोकेको अख्तियारले यति व्यापक र ठूला हस्तीहरूलाई कारबाहीको कठघरामा उभ्याएको दृश्य पहिले कहिल्यै देखिएको थिएन ।

सत्ता, शक्ति र पहुँचको आडमा भ्रष्टाचार गर्नेहरू अब सुरक्षित छैनन् भन्ने सन्देश अख्तियार टिमले यतिखेर जति स्पष्ट र कठोर रुपमा कहिल्यै दिएको थिएन । जब एकजना पूर्वप्रधानमन्त्री अख्तियारको अनुसन्धान र कारबाहीको दायरामा पर्छन् तब त्यो क्षण केवल कानुनी उपलब्धि होइन, सिंगो राष्ट्रमा सुशासनको नयाँ आशा पलाउने क्षण पनि हो । पछिल्लो घटनाक्रमले एउटा गम्भीर यथार्थ उजागर गरि दिएको छ- अख्तियार अब टेबलमुनिको सम्झौतामा होइन, टेबलमाथिको न्यायमा विश्वास गर्छ । ठूला माछा त उम्किन्छन् भन्ने आलोचना स्वयं आयोगले आफ्ना कामद्वारा खारेज गरिदिएको छ । यसले देखाएको छ कि कुर्सी ठूलो हुन सक्छ, तर अब कानुनभन्दा ठूलो कसैको कुर्सी छैन । यद्यपि अख्तियारले यसअघि पनि पूर्वमन्त्री, सांसद, पूर्व-मुख्यमन्त्री, बहालवाला मुख्यसचिव गरी सयौंलाई कारबाहीको दायरामा ल्याएको थियो र यो क्रम अहिले पनि रफ्तारमा छ ।

नेपालको सूचना प्रविधि (आईटी) क्षेत्रमा देखिएको अनियमितता, भ्रष्टाचार र षड्यन्त्रकारी गतिविधिले पछिल्ला वर्षहरूमा राज्य संरचनामै गम्भीर संकट निम्त्याएको अवस्थामा साम, दाम, दण्ड, भेद प्रयोग गरी कर्मचारीको रूपधारण गरेका विकल पौडेल र सुनील पोडेल नामका 'आईटी माफिया'हरूको भ्रष्टाचारमा पनि अख्तियार नेतृत्वले समयमा नै बन्ध्याकरण गर्न सफल भएको थियो । देशको अर्बौं रुपियाँ विदेशी खातामा स्थानान्तरण गर्ने योजनामा रहेका उनीहरु यतिखेर अख्तियारको साहसिक कदमका कारण जेलजीवन बिताउन बाध्य भइरहेका छन् । सो प्रकरणमा अख्तियारले देखाएको साहसिक कदमका कारण पनि समस्त देशभक्त नागरिकमा सुशासनप्रति आशाको सञ्चार गराएको थियो । अहिलेको पूर्वप्रधानमन्त्री तथा केही समयअघिको पूर्वमन्त्री, बहालवाला मुख्यसचिव, पूर्व-मुख्यमन्त्री, कैयौं सार्वजनिक निकायका प्रमुख, स्थानीय तहका प्रमुखहरु र एक-दुई दिनअघिको टेलिकमका प्रबन्ध निर्देशक, नेपाल बैंक लिमिटेडका तत्कालीन अध्यक्षलगायत माथि अख्तियारले खोलेको फायर र भ्रष्टाचार मुद्दा प्रकरणले अहिले सुशासन चाहने नेपाली मनहरुमा रौनक र उत्साह छाएको छ ।

राजनीतिक दबाब र शक्ति सन्तुलनको चपेटामा परिरहने नियतिका बाबजुद अख्तियारको नेतृत्वले जुन दृढताका साथ निर्णय लियो, त्यो साँच्चिकै प्रशंसनीय छ । देशको माटोलाई सम्झिएर कुनै पनि नेताको निर्देशनलाई बेवास्ता गर्दै, राष्ट्रको हितमा निष्पक्ष निर्णय गर्नु आजको नेपालको सन्दर्भमा एक दुर्लभ साहस हो । आज अख्तियारको यही सक्रियता र परिणाममुखी कारबाहीले देशका लाखौं नागरिकमा सुशासनप्रति आशा र भरोसा दिलाएको छ । नीतिगतको खोल ओढेर गरिने भ्रष्टाचारदेखि लिएर सरकारी जग्गा हत्याउने, परियोजनाहरूमा कमिसन खाने, बजेट बन्दोबस्तीमा चलखेल गर्ने तत्वहरूलाई पनि नियन्त्रणमा लिन थालेको यो प्रक्रिया क्रमश: संस्थागत हुनु जरुरी छ ।

तर दुर्भाग्य ! जब सुशासनले बल पाउँदै जान्छ, कुशासनका दलालहरू काँप्न थाल्छन् । जब लुटका संरक्षकहरूको महलमा आगो लाग्छ, उनीहरू स्याबासी दिनुको सट्टा विरोधको ध्वनि निकाल्छन् । यो विरोध सत्यका विरुद्धको हो, न्यायका विरुद्धको हो । पूर्वप्रधानमन्त्रीमाथि मुद्दा दायर भएकोमा प्रश्न गर्नेहरूसँग आम जनताले एउटा सीधा प्रश्न गरिरहेका छन्- 'तपाईंहरू सधैं अख्तियारले ठूला माछालाई केही गर्न सकेन भनेर कोकोहोलो गर्दै दिनरात चिच्याउनुहुन्थो तर अहिले सबैभन्दा ठूला माछामध्येका एकलाई भ्रष्टाचार मुद्दा दायर गर्दा किन बर्बराउनुहुन्छ ? के तपाईंहरू वास्तवमा भ्रष्टाचारविरोधी हो त ? कि भ्रष्टाचारका संरक्षक ?'

अख्तियारले नीतिगत निर्णयको नाममा स्वार्थ र सौदाबाजीको ताण्डव मच्चाउने शासकीय संस्कृतिमाथिको करङ झ्याप्प समातेको छ । विगतमा माफिया, बिचौलिया र दलालहरूसँग मितेरी गाँस्दै आएका, जनताको सम्पत्तिमा दलाली गर्दै सत्तामा पुगेका कथित ठूला नेताहरूको सातो जानु अनौठो होइन । उनीहरूको घेराबन्दी अब शुरु भएको छ । अब आम जनताले सुशासनको दियो बलेको सम्झेर अख्तियारमार्फत भ्रष्टहरुलाई चेतावनी दिइरहेका छन्- देश र जनताको धन लुटेर, आफन्त पोसेर, दलालसँग मिलेर राष्ट्रलाई कमजोर बनाउने शासकहरू हो, अब तिमीहरू मरेर गए पनि माफी पाउने छैनौ । अख्तियारको अनुसन्धानले केवल जिउँदाहरूलाई होइन, मृतकहरूका भ्रष्ट क्रियाकलाप पनि उजागर गर्ने साहस देखाइरहेको छ । इतिहास अब तिमीहरूको अपराधलाई बिर्सने छैन ।

जनतामा आशा पलाएको छ, भरोसा जागेको छ । कुशासनको थकाइले थिचिएका नागरिकले आज अख्तियारको साहसी कदममा आफ्ना सपना, आकांक्षा र न्यायको अभिलाषा देखिरहेका छन् । अख्तियार नेतृत्वले आगामी दिनमा झनै सशक्त कदम चालेर जनताको आशा र भरोसामा नयाँ उचाइ थप्न सक्नुपर्छ ।

आज प्रत्येक दिन अख्तियारले गरेको 'फायर'ले कुशासनको कालो पर्दा च्यात्दै सुशासनको उज्यालो झुल्काइरहेको छ । जनताले महसुस गर्न थालेका छन्- यो लडाइँ केवल अख्तियारको होइन, उनीहरूको पनि हो । सुशासनको दियो अख्तियारले बालेको हो तर त्यो दियो बलिरहन र तेल थप्न जनताको निरन्तर साथ र सहयोग चाहिन्छ । नेपालले धेरै कुराले धोका खायो- राजनीतिक संक्रमण, अस्थिरता, नेतृत्वको विचलन । तर अब देशले आशाको उज्यालो देख्न थालेको छ । अख्तियारको यो साहसी कदमलाई निस्तेज पार्ने हर्कत कुनै हालतमा स्वीकार्य हुनेछैन । यो निर्णायक घडीमा मुलुकका हरेक इमानदार नागरिकले अख्तियारको साथ दिनुपर्छ, प्रोत्साहन दिनुपर्छ र भ्रष्टाचार विरुद्धको यो महाअभियानसँगै दौडनुपर्छ । अब कुनै पनि भ्रष्टाचारी सुरक्षित छैनन् ।

अब कुनै पनि शक्तिशाली व्यक्ति भ्रष्टाचारमा लिप्त छन् भने उम्कन पाउने छैनन् । देशले न्याय खोजेको हो, प्रतिशोध होइन । र, अख्तियारले त्यही न्यायको यात्रा शुरु गरिसकेको छ । अख्तियारको यो यात्रा कुनै हालतमा रोकिनुहुन्न । आफूमाथिका हरेक आरोप र शंकालाई चिर्दै अख्तियार पनि अविचलित यात्रामा कठोरताका साथ लम्किरहनुपर्छ । पतञ्जलि जग्गा प्रकरणको अनुसन्धानले शक्तिको सर्वोच्च तहमा पनि कानुनी उत्तरदायित्व तय हुन सक्छ भन्ने सन्देश दिएको छ । यसअघि ललितानिवास जग्गा अनियमितता प्रकरण, नक्कली भुटानी शरणार्थी काण्ड, सुन तस्करीलगायतका काण्डहरूमा केही सरकारी कर्मचारीहरू र बिचौलिया मात्र दोषी ठहरिए पनि मूल शक्ति केन्द्र छुन नसकिएको भनेर जनताबीच आलोचना भइरहेकै बेला अख्तियारको पछिल्लो सक्रियता राहतको रूपमा आएको हो । यो घटनाले राज्य संयन्त्रभित्रको दण्डहीनताविरुद्ध लड्न सकिने सम्भावना देखाए पनि एउटा मुद्दाले मात्र निर्णायक परिवर्तन सम्भव छैन ।

क्रमश: पृष्ठ-३......

# खेतबारीमा छैन मल, सरकारको कागजमा ७७ हजार टन

काठमाडौं/खेती सिजन सुरु भएसँगै देशभरि रासायनिक मलको माग बढिरहेको छ । मकै गोडेर मल हाल्ने बेला भएकाले अधिकांश पहाडी क्षेत्रमा अहिले डीएपी र युरिया मल माग भइरहेको हो । मौसमी तरकारी पनि अहिले नै उत्पादनको बेला भएकाले मलको माग बढिरहेको छ । काभ्रेको पहाडी भेगमा मकै खेती र धान रोप्ने चटारोमा कृषक छन् । तर, मलको आधिकारिक विक्रेता कृषि सामग्री कम्पनी लिमिटेडको धुलिखेलमा रहेको गोदाममा युरिया मलको मौज्दात शून्य छ ।




गत आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहसँगको समन्वयमा कृषि विकास कार्यालय काभ्रेले तयार पारेको तथ्यांक अनुसार १५ हजार १ सय २६ टन युरिया, ८ हजार ३ सय २० टन डीएपी तथा २ हजार ५ सय ४३ टन गरी काभ्रेमा मात्र २५ हजार ९ सय ९८ टन माग छ । तर, अहिले ६ हजार २ सय २१ टनमात्र मल आएको कृषि विकास कार्यालय काभ्रेका प्रमुख कुलप्रसाद दवाडीले बताए । उनका अनुसार अनुसार ३ हजार ८ सय ६४ टन युरिया, १ हजार ८ सय ९७ टन डीएपी र ४ सय ६० टन पोटासमात्र किसानसम्म पुगेको छ ।

काभ्रे, सिन्धुपाल्चोक, दोलखा र रामेछापका लागि मल उपलब्ध गराउँदै आएको कृषि सामग्री कम्पनीको गोदाम खाली छ । कार्यालय प्रमुख योगेन्द्र पराजुलीले माग अनुसार कोटा नछुट्टिएका कारण काभ्रेमा समस्या आएको बताए ।

मुख्यत: धान मकै र गहुँबालीका लागि भनेर कोटामार्फत मल दिए पनि अन्य सिजनमा मल उपलब्ध नगराउँदा समस्या भएको पराजुलीको भनाइ छ । 'काभ्रेमा धान, मकै र गहुँमात्र हुँदैन, कुनै ठाउँमा ४ बालीसम्म खेती हुन्छ, आलु र तरकारी बढी फलाउने ठाउँमा मलको कोटा अनुसार नआउँदा समस्या भयो,' पराजुलीले भने, 'काभ्रेमा धेरै पटक खेती अनुसारको कोटा बढाउन माग गर्दा पनि भएन ।' उनका अनुसार विशेषगरी काभ्रेमा कोटा प्रणाली लागु नहुने बेला १९ हजार टनसम्म खपत हुन्थ्यो । तर, अहिले मुस्किलले ५/६ हजार टनमात्र काभ्रेको गोदाममा आइपुग्छ ।

गोदाममा मल नभएका कारण जुन दिन गाडीमा मल आउँछ त्यही दिन किसानलाई बोलाएर गाडीबाट गाडीमै मल लोड गरेर पठाउने गरेको जानकारी पराजुलीले बताए । 'कृषि सामग्री कम्पनी लिमिटेडमा गत बिहीबार ६ सय र शुक्रबार ६ सय बोरा युरिया मल आएकोमा आएकै दिन सकिएको छ । मागको चाङ छ, तर गोदाम खाली छ,' पराजुलीले भने । काभ्रेका पाँचखाल, मण्डन, पनौती, धुलिखेल, बनेपा, नमोबुद्ध नगरपालिका तथा रोशी, तेमाल, बेथानचोक गाउँपालिका लगायत डाँडापारी, रोशीपारी, कोशिपारी क्षेत्रमा रासायनिक मलको अधिक माग छ ।

त्यस्तै सिन्धुपाल्चोकका मेलम्ची र चौतारा साँगाचोक नगर पालिका, हेलम्बु, इन्द्रावती र सुनकोशी गाउँपालिका, रामेछाप मन्थली नगरपालिका, सुनापति र दोरम्बा गाउँपालिका तथा दोलखा भीमेश्वर नगरपालिका, तामाकोशी, वैतेश्वर शैलुङ गाउँपालिका लगायत क्षेत्रमा रासायनिक मलको माग उच्च छ ।यस्तो माग मकवानपुर, चितवन, कैलाली, रुपन्देही क्षेत्रमा पनि उच्च देखिँदै आएको छ ।

### तराई क्षेत्रमा तस्करीको मल

माग अनुसार पर्याप्त मल नपाइएपछि तराई क्षेत्रमा भारतबाट तस्करी भएर आएको रासायनिक मल छ्याप्छ्याप्ती पाउन थालिएको छ । 'मल नपाउनु भन्दा २/३ किलो गरेर ल्याउन सके खेतीमा लगाउन सकिन्छ भनेर मल तस्करी भइरहेको छ,' पर्साका एक किसान भन्छन् ।

कञ्चनपुरमा रासायनिक मल तस्करी रोक्दा नेपाल प्रहरीका एक असईमाथि कुटपिट समेत भएको घटना बाहिरिएको छ । कञ्चनपुर बेलौरी नगरपालिकाको पचुई प्रहरी चौकीका इन्चार्ज समेत रहेका प्रहरी सहायक निरीक्षक (असई) वीरबहादुर चन्दमाथि अवैध रूपमा आएको रासायनिक मल रोक्दा कुटपिट भएको थियो । उनलाई कुटपिट भएको भिडियो भाइरल भएको थियो । रासायनिक मल तस्करीको भर नपर्दा किसानले मल प्रयोग गर्न नसक्ने अवस्था छ ।

### कृषि मन्त्री नै भन्छन्- "मलको सहज व्यवस्थापन छैन"

संघीय सरकारका कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी नै मलको सहज व्यवस्थापन सहज हुन नसकेको बताउँछन् । आइतबार सिंहदरबारमा बसेको राष्ट्रिय सभा अन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समिति बैठकमा उनले सांसदलाई जवाफ दिँदै नेपाली किसानलाई १३ लाख टन मल आवश्यक रहेकोमा नेपालमा साढे ४ लाख टन मात्रै रासायनिक मल प्राप्त हुने बताएका थिए । मन्त्री अधिकारीका अनुसार रासायनिक मलका लागि आर्थिक रूपमा व्यवस्थापन हुन सकेको छैन ।

'आएको मल प्रदेश र स्थानीय तहमार्फत वितरण सकेसम्म व्यवस्थित गरिरहेका छौं,' समिति बैठकमा उनले भनेका थिए, 'माग अनुसार व्यवस्थापन गर्न सकेका छैनौं । बजारमा जुन ढंगको आलोचना भएको छ, त्यसलाई हामी स्वाभाविक रूपमा स्वीकार्दै प्राप्त मल व्यवस्थापन गर्न प्रदेशलाई जिम्मेवारी सुम्पिएका छौं ।'

### तथ्यांकमा ७७ हजार टन मल मौज्दात

किसानले मल नपाइरहँदा सरकारको तथ्यांकमा ७७ हजार ८ सय ३७ टन रासायनिक मल मौज्दात रहेको देखिन्छ । कृषि मन्त्रालयको तथ्यांक अनुसार २० जेठसम्म कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडिङ कम्पनीमा उक्त मल मौज्दात देखिएको हो । कृषि सामग्रीसँग युरिया २८ हजार ५ सय १८ टन, डीएपी ३० हजार ५ सय ७६ टन, पोटास ७ हजार ५ सय ७९ टन गरी कुल ६६ हजार ६ सय ७५ टन मल मौज्दात देखिन्छ ।

यस्तै साल्ट ट्रेडिङसँग युरिया ६ हजार ५ सय ८६ टन, डीएपी २ हजार १ सय ७१ टन र पोटास २ सय ४० टन गरी ११ हजार १ सय ६२ टन मल मौज्दात छ । सरकारले चालु आव २७ अर्ब ९५ करोड बजेट छुट्याएर ५ लाख ५० हजार टन मल आयात गर्ने लक्ष्य राखेको थियो । जसमध्ये गत आव बाटोमा आइपुगेको मलसहित चालु आव ३ लाख २८ हजार ५ सय ६५ टन मल आयात गरिसकेको छ ।

यस्तै कृषि सामग्री र साल्ट ट्रेडिङले गरी कुल ३४ हजार टन युरिया मल कोलकाताबाट नेपाल प्रवेश गर्ने क्रममा रहेको जनाएका छन् । यस्तै ४ असारसम्म कृषि सामग्रीले ३० हजार टन युरिया कोलकाता झार्ने तयारी गरेको छ । उक्त मल ल्याउने देशबाट पानी जहाजमा लोड भइसकेको कृषि मन्त्रालयले जनाएको छ ।

### वितरण प्रणालीमा सधैंको समस्या

कृषि मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठ मल अभाव सधैंको एउटै विषय रहेको भन्दै वितरण प्रणालीमा समस्या देखिएको बताउँछन् । वितरण प्रणालीमा सुधार नल्याउँदा समस्या भएको उनको भनाइ छ । 'केही ठाउँमा गुनासो आएको छ, तर देशभरिको अवस्था यस्तो होइन,' उनले भने, 'मल अभाव हुँदै होइन, बरु वितरण प्रणालीमा केही समस्या भएको हो ।' श्रेष्ठका अनुसार संघीय सरकारले वार्षिक मलका लागि बजेट तर्जुमादेखि खरिद गरेर कृषि सामग्री केन्द्र र साल्ट ट्रेडिङसम्म ल्याउने काम गर्छ ।

'हामीले खरिद गरेर ल्याएको मल सबै प्रदेशलाई उपलब्ध कोटा अनुसार वितरण गर्छौं । प्रदेशले स्थानीय तहसँग पनि कोटा मागेर स्थानीय तहलाई त्यही अनुसार वितरण गर्छ,' श्रेष्ठ भन्छन् । उनले अहिले देखिएको समस्यालाई प्राविधिक रूपमा हेर्नुपर्ने बताए । उनले कतिपय ठाउँमा मल धेरै भएर अरू मौज्दात भएको समेत बताए । 'कतिपय ठाउँमा कोटाका मल नै बिक्री नभएर अन्य स्थानमा बिक्री भइरहेको पनि पाइएको छ । किसान र उपभोक्ताको माग पूरा भएर बिक्री भएको पनि पाएका छौं,' उनले भने । उनका अनुसार एउटा नगर पालिकाले ६० टन मलको कोटा पायो र एउटा गाउँपालिकाले पनि ६० टनकै कोटा पायो ।

गाउँपालिकामा मलको माग २ सय टन छ तर नगर पालिकामा २० टनभन्दा बढी मल खपत भएन । तथ्यांकमा अब नगर पालिकामा ४० टन मल मौज्दात देखिन्छ । फेरि, गाउँपालिकामा मल अभाव भनेर समाचार आइरहेको हुन्छ । उनले वितरण र कोटा प्रणालीको प्राविधिक समस्याबारे बताए । प्रदेश सरकारले स्थानीय तहलाई १ सय २० दिनको समय दिएर मलको कोटा तोकिदिएको हुन्छ । उक्त अवधिभित्र मल डिपोबाट नलगे मात्रै अन्य स्थानीय तहमा वितरण गनुपर्ने अहिलेको प्रावधान रहेको उनी बताउँछन् ।

'कोटामा मल पाएको तर आवश्यक नभएको स्थानीय तहले १ सय २० दिन अगाडि नै मल नलैजाने खबर गरिदिए आवश्यक पर्ने अर्को पालिकालाई पठाउन सकिन्थ्यो, त्यो समस्या धेरै ठाउँमा छ,' उनी भन्छन्, 'पहाडमा मलको कोटा बाँकी हुँदा पनि मल गइरहेको हुँदैन भने तराईमा मलको कोटा सकिँदा पनि किसानले पाएका हुँदैनन् । यो वितरण प्रणालीमा भइरहेको ग्याप पनि हो ।' सहसचिव श्रेष्ठका अनुसार प्रदेश कृषि सचिवको नेतृत्वमा भएको समितिले खेतीयोग्य जमिन, बाली उपलब्धता, सिँचाइ उपलब्धता र गत वर्ष भएको मल खपतका आधारमा कोटा निर्धारण हुने गर्दछ ।

(स्रोत:अनलाइनखबर)

# 'महाभोज'को बुकिङ खुला, कस्तो होला ओपनिङ ?



काठमाडौं/सहकारी ठगी प्रकरणको कथामा आधारित फिल्म 'महाभोज'को अग्रिम टिकट बुकिङ खुला भएको छ । मंगलबार अपराह्नबाट देशभरका प्राय: हलले शो तालिका सार्वजनिक गर्दै टिकट बिक्री थालेका हुन् । फिल्मको चर्चा र स्टारकास्टको हिसाबमा फिल्मले अपेक्षित शो भने पाउन सकेको छैन । बुधबार दिउँसो ४ बजेसम्म फिल्मले देशव्यापी ६० माथि शो पाएको 'खल्ती एप'मा देखिन्छ ।

देशको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले ९ वटा सहरका हलमा कुल ३४ शो उपलब्ध गराएको छ । त्यस्तै, काठमाडौं उपत्यकाका वान् सिनेमाजले नयाँ बानेश्वर र कालिमाटी हलमा गरी ६ शो, कीर्तिपुर सिनेप्लेक्सले २ शो, सिडिसी र एफक्युबले समान ३/३ शो बाँडेका छन् । अझै धेरै हलमा शो खुल्न बाँकी नै रहेकाले फिल्मले शुक्रबार डेढ सयसम्म शो पाउन सक्ने देखिन्छ ।

'महाभोज'मा कलाकारको 'लाइनअप' बलियो रहेकाले फिल्मले सुखद् ओपनिङ गर्ने अपेक्षा गरिएको छ । व्यावसायिक भविष्य भने 'वर्ड अफ माउथ'मा निर्भर हुनेछ । यो फिल्मको काठमाडौं, पोखरा र बुटवलमा प्रिभ्यू प्रिमियर भइसकेको छ । गत जेठ १३ गते काठमाडौंमा भएको प्रिभ्यू शोमा फिल्म हेरेपछि निर्देशक तथा अभिनेता निश्चल बस्नेतले 'महाभोज' हिट हुने ठोकुवा नै गरेका थिए ।

दिनेश राउतले निर्देशनमा तयार भएको फिल्ममा आर्यन सिग्देल, दयाहाङ राई, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, गौमाया गुरुङ, बुद्धि तामाङ, कमलमणि नेपाल, मोहन निरौला, वसुन्धरा भुसाल लगायतको अभिनय रहेको छ । विशेष भूमिकामा अभिनेत्री सुरक्षा पन्त पनि छिन् । यो फिल्मलाई हिमाल कडरियाले निर्माण गरेका हुन् । यसमा विकास सुवेदीको स्क्रिप्ट लेखन छ ।

# सगरमाथापछि दीयाले चढिन् युरोपको सबैभन्दा अग्लो हिमाल

काठमाडौं/हिमाल आरोहणकी सौखिन अभिनेत्री दीया पुनले विश्वकै अग्लो शिखर सगरमाथा चढेको दुई वर्षपछि रुस र युरोपको सबैभन्दा अग्लो हिमाल माउन्ट एल्ब्रसको पनि सफलतापूर्वक आरोहण गरेकी छन् । उनी नेपाली समयअनुसार मंगलबार बिहान ११ बजे समुन्द्री सतहदेखि ५,६४२ मिटरको उचाइमा रहेको उक्त हिमालको चुचुरोमा पुगेकी हुन् । त्यहाँ उनले नेपालको झन्डा फहराइन् ।



सगरमाथा र एल्ब्रसभन्दा अघि दीयाले अफ्रिका महादेशको सबैभन्दा अग्लो हिमाल किलिमन्जरो (५,८९५ मिटर), दक्षिण अमेरिका महादेशको अकोनकागा हिमाल (६,९६१ मिटर) र नेपालकै मनास्लु हिमाल (८,१६३ मिटर) आरोहण गरिसकेकी छन् । अब उनी उत्तर अमेरिकाको डिनाली, अन्टार्कटिकाको भिन्सोन मासिफ र इण्डोनेसियाको पुंकाक जय हिमाल आरोहण गर्ने तयारीमा छिन् ।

बेलायतमा बस्दै आएकी दीया पेशाले नर्स समेत हुन् । उनले जागिरको कमाइ र फिल्मबाट पाउने पारिश्रमिक बचत गरेर हिमाल आरोहण गर्दै आइरहेकी छन् । 'वीर विक्रम'बाट अभिनेत्रीको रुपमा डेब्यु गरेकी उनले 'मिस्टर झोले', 'दयारानी', 'अन्तिम संस्कार' जस्ता फिल्ममा काम गरिसकेकी छन् । दीयाको नयाँ फिल्म 'एक्लो' प्रदर्शन हुन बाँकी छ । यसमा उनी अन्तरीक्षयात्री बनेकी छन् ।

# अख्तियारले बालेको...

अख्तियारले अब यो लहरलाई निरन्तरता दिँदै, कुनै पनि प्रकारका शक्तिकेन्द्रसँग घुँडा नटेकी अन्य ठूला काण्डमा पनि फायर खोल्नुपर्छ र संस्थागत सुधार र जनतासँगको पारदर्शिता कायम गर्नुपर्नेछ । अहिले जनताले 'अबको अखितयार पहिलेको जस्तो होइन' भन्ने अनुभूति गर्न थालेका छन् । तर यसलाई स्थायित्व दिन अख्तियारले निम्न कुरामा ध्यान दिन जरुरी छ :

१. स्वतन्त्र अनुसन्धान र अभियोजन : हरेक फाइलमा अनुसन्धान र अभियोजन गर्दा कुनै पनि राजनीतिक हस्तक्षेपविना निष्पक्षता कायम राख्नुपर्छ ।

२. अन्य ठूला प्रकरणमा पनि छानबिन गर्ने : प्रतिशोध साँधिएको आरोपलाई खण्डन गर्न पनि अख्तियारले अन्य ठूला काण्डमा समेत छानबिन अघि बढाएर निष्पक्षता कायम गर्दै थप ठूला माछालाई पनि कारबाहीको दायरामा ल्याउन सक्नुपर्छ । लामो समयदेखि अगाडि नबढाइएका त्यस्ता ठूला काण्डहरूमा फास्ट ट्रयाक अनुसन्धान गर्नुपर्छ ।

३. नतिजा दिने गरी कारबाही : सार्वजनिक चासोका विषय बनेका ठूला काण्डहरूमा आरोपपत्र दायर गर्न मात्र होइन, न्यायसम्मत फैसला सुनिश्चित गर्ने किसिमले अघि बढ्नुपर्छ ।

४. जनसंवाद र पारदर्शिता : नागरिकसँग प्रत्यक्ष संवाद गर्ने र आफ्नो कार्यको प्रभावकारिता मापन गर्ने प्रणाली विकास गर्नुपर्छ । आफ्ना अनुसन्धानलाई प्रभावकारी सञ्चार रणनीतिमार्फत जनतालाई बुझाउने अभ्यास पनि गर्नुपर्छ ।

५. अहिलेको सत्तानिकट भएको आरोपबाट मुक्त हुनुपर्छ : यसका लागि सत्तानिकट व्यक्ति संलग्न भएका ठूला-ठूला काण्डका फाइल पनि खोल्नुपर्छ ।

६. पूर्वसूचना प्रणाली र डिजिटल पारदर्शिता : भ्रष्टाचार रोकथामका लागि पूर्वसूचना प्रणाली र डिजिटल पारदर्शिता प्रणाली विकास गरी सशक्त कार्यान्वयन गर्नुपर्छ ।

पतञ्जलि जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्रीविरुद्ध मुद्दा दायर गरेपछि एउटा सानो झुन्डले मन्त्रिपरिषद्को नीतिगत निर्णयमाथि अख्तियारले हात हाल्न मिल्दैन भन्ने निरर्थक बहस चलाउन थालेको छ । तर यो तर्क आफैंमा जनताविरोधी छ र यो कदम भ्रष्टाचारलाई संरक्षण दिन खोज्ने दुस्साहस मात्र हो ।

त्यस्तो दुस्साहस गर्नेहरूलाई प्रश्न छ- के मन्त्रिपरिषद्ले गरेका सम्पूर्ण निर्णय स्वत: नीतिगत हुन्छन् ? के अपराधको ओढारलाई नीतिगत भन्ने नाम दिएर उन्मुक्ति दिन सकिन्छ ? कुनै हालतमा सकिँदैन । राष्ट्र र आम जनताको हितलाई केन्द्रमा राखेर गरिने निर्णय मात्र नीतिगत हो । केही माफिया वा व्यापारिक गिरोहलाई फाइदा पुऱ्याउन गरिने निर्णय नीतिगत होइन, त्यो त सिस्टमकै अपहरण हो, जुन सीधै अपराधको परिधिमा पर्छ । पतञ्जलि जग्गा प्रकरण, ललितानिवास जग्गा प्रकरण वा राजस्व छुटको नाममा गरिएका विशेष वर्गमुखी निर्णयहरू कुनै पनि कोणबाट राष्ट्रहितमा थिएनन् ।

(साभार: न्यूज अफ नेपाल)

# धितोपत्र दोस्रो बजारमा मौलाउँदै 'सामूहिक कारोबार', बोर्डको मौन समर्थन

काठमाडौं/धितोपत्रको दोस्रो बजारमा एकपछि अर्को गर्दै बेथिति मौलाउँदै गएको छ । फर्जीदेखि सर्कुलर कारोबारसम्म एकै व्यक्तिले गरेको घटनापछि सेयर बजारको 'सामूहिक खेती' को गलत अभ्यास देखिएको हो । सेयर कारोबारी दीपेन्द्र अग्रवालले सामाजिक सञ्जाल प्रयोग मार्फत लगानीकर्ताको समूह जम्मा गरेर सेयर खरिद गर्न लगाउने गरेका छन् । त्यसका साथै उनले टिकटकमा लाइभ बसेर लगानीकर्तालाई सेयर खरिद गर्ने कम्पनी सिफारिस गर्दै आएका छन् ।

आफूले सस्तोमा किनेको सेयरलाई फर्जी नामबाट 'म्याचिङ' गर्ने र मूल्य बढाएर तिनै आफ्ना समूहका साथीलाई बिक्री गर्ने गर्दै आएका छन् । उक्त विषयको अनुसन्धान धितोपत्र बोर्डको कारबाहीको अन्तिम चरणमा छ । त्यसैगरी अग्रवालको भन्दा केही फरक तरिकाबाट समूह बनाइ सेयरको सर्कुलर ट्रेडिङ गर्ने समूह पनि उत्तिकै सक्रिय देखिएका छन् । समूह बनाइ सेयर कारोबार गर्दा 'लो क्याप' भएका कम्पनीको सेयर 'कर्नरिङ' तथा 'सर्कुलर ट्रेडिङ' गरेर मूल्य बढाउने र बिक्री गर्ने अभ्यास सतहमा आएका हुन् ।

यसरी बनाइएका कुनै समूहमा सदस्यता शुल्कसमेत लाग्ने गरेको छ भने केहीमा लाग्दैन । सदस्यता तिर्नुपर्ने समूहले प्रतिव्यक्ति १ हजार रुपैयाँ उठाएर कुन सेयर किन्ने भन्ने सल्लाह र छलफल गरेर कर्नरिङ योजनामा सहभागी बनाउने गरिएको एक लगानीकर्ताले बताए ।

'प्रवेश शुल्क तिर्नुपर्ने समूह सीमित भए पनि कर्नरिङ र सर्कुलर ट्रेडिङ गर्ने समूह धेरै छन्,' ती लगानीकर्ताले भने, 'केही समूह बीउ पूँजी उठाउने र कारोबार गर्ने खालका छन् भने केही फलानो कम्पनीको सेयर किन्ने भनेर खरिद गर्ने समूह छन् ।' यस्ता समूह ह्वाट्स एप, फेसबुक, म्यासेन्जर, टिकटक, गुगल मिट लगायत समाजिक सञ्जाल मार्फत सक्रिय हुने गरेको ती लगानीकर्ताको भनाइ छ । यस्ता समूह लगानीकर्ताका मात्र नभई धितोपत्र दलाल कम्पनीहरूले पनि बनाउने गरेको उनले बताए ।

सेयर बजारमा पछिल्लो समय सक्रिय समूहका नेतृत्वमा अनिल रुंगटा, श्रवण गोयल, कैलाश अग्रवाल, अजित खनाल लगायत छन् । यी सेयर लगानीकर्ता समूहका नाइकेले समाजिक सञ्जालमा सेयर नगर, एक्टिभ ट्रेडर, हाम्रो सेयर बजार लगायत नाम राखेर वा एकल व्यक्तिको नामबाट समाजिक सञ्जालमा नेटवर्क गर्ने काम गर्दै आएका छन् । साथै, ती समूहमा सन्देश पठाउने बित्तिकै स्वत: कम्पनीको नामसहित खरिद गर्ने वा बिक्री के गर्ने जानकारी सन्देश आउँछ ।

पछिल्लो समय दीपेन्द्र अग्रवालको फेसबुक पेजमा सन्देश पठाउँदा कर्पोरेट डेभलपमेन्ट बैंकको सेयर आफूले खरिद गरिसकेको सन्देश आउँछ । साथै, उक्त बैंकको सेयर मूल्य १० हजार पुऱ्याउने समेत उल्लेख गर्दै सन्देशकर्तालाई के किन्ने भन्ने निर्णय आफैं गर्न सन्देशमा भनिन्छ । त्यसैगरी समैह बनाएर सेयर कारोबार गर्ने अनिल रुंगटाले पछिल्लो समय सीईडीबी होल्डिङ लिमिटेड सेयरलाई कर्नरिङ गरेका छन् । उनीसहित उनको समूहका सदस्य लगानीकर्ता तथा ब्रोकर कम्पनीले उक्त कम्पनीको अधिकांश सेयर होल्ड गरेको एक धितोपत्र दलालले संचारकर्मीलाई बताए । त्यसैरी गरी अर्को समूहका नेता हुन् श्रवण गोयल । गोयलले पछिल्लो समय माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड, हिमालयन रिइन्स्योरेन्स कम्पनी, इन्ग्वा हाइड्रो लिमिटेडको सेयरलाई समूह बनाइ, कर्नरिङ, सर्कुलर ट्रेडिङ गर्ने गरेका छन् ।

अर्को सक्रिय समूहको नेता हुन् कौशल अग्रवाल । कौशलले पनि न्यादी हाइड्रोपावर कम्पनी लगायत सेयरमा यस्तो कारोबार गर्ने तथा समूहका सदस्यलाई खरिद-बिक्री गर्न सुझाउने गरेको उनको समूहमा सहभागी एक सदस्य लगानीकर्ताले बताए । सेयर बजारमा समूह बनाएर कम्पनीको सेयर मूल्यमा उतारचढाव आउने गरी खरिद-बिक्री गरिनु गैर कानुनी भएको नेपाल स्टक एक्स्चेन्ज (नेप्से) का एक अधिकारीले बताए । 'त्यो सर्कुलर ट्रेडिङ हो,' नेप्सेका ती अधिकारीले भने, 'एकले अर्कालाई र अर्कोले अर्कालाई बिक्री गर्ने र चलाउँदै मूल्य बढाउने र अरूलाई भिडाउनु गैरकानुनी हो ।'

(स्रोत:अनलाइनखबर)

# 'राम नाम सत्य'मा विराजको जोडी हुन् सुपुष्पा ?

काठमाडौं/कोरियोग्राफर माइकल चन्दको डेब्यु निर्देशनमा बन्न लागेको फिल्म 'राम नाम सत्य'मा कलाकार अनुबन्ध हुने श्रृंखला जारी छ । अभिनेता द्वय विराज भट्ट र सुशील श्रेष्ठसहित अभिनेत्री दिव्या रायमाझीको प्रवेश भइसकेको फिल्ममा अब अर्की अभिनेत्री सुपुष्पा भट्ट अनुबन्धित भएकी छन् । बुधबार निर्माताले उनीसँग लिखित सम्झौता गरेका हुन् ।

सुपुष्पालाई एक महत्त्वपूर्ण भूमिकामा अनुबन्ध गरिएको निर्देशक चन्दले जानकारी दिए । उनले भने, 'हामीलाई सुपुष्पा जस्तै हाइट भएकी अभिनेत्री चाहिएको थियो । उहाँको अभिनय पनि अब्बल छ । कथाको पात्रमा फिट भएपछि उहाँलाई अनुबन्ध गरेका हौं ।'




निर्माण पक्षले फिल्ममा सुपुष्पा कसको जोडी बनेर देखिनेछिन् भन्नेबारे केही खुलाएको छैन । तर, धेरैले उनको जोडी विराजसँग बाँधिन सक्ने अनुमान गरेका छन् । किनकि, विराजसँग उनको हाइट (उचाइ) मिल्छ । उमेर अन्तर धेरै भए पनि दुवैको समान हाइटका कारण जोडी सुहाउन सक्ने आँकलन गरिएको छ ।

उपेन्द्र शाही, स्वेता विमली र उत्तम गुरुङको लगानी रहने फिल्मका कार्यकारी निर्माताहरु डाक्टर डी आर उपाध्याय, टी आर गौडेल र नरेन्द्र शाह हुन् । फिल्मको छायांकन आगामी भदौबाट सुरु गर्ने तयारी गरिएको छ । एक्सन, लभ र सस्पेन्स कथामा बन्ने फिल्मलाई सुसन प्रजापतिले खिच्नेछन् । अब केही कलाकार फाइनल भएपछि लाइनअप पूरा हुने निर्माण पक्षले बताएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# श्रम कानूनको प्रभावकारी कार्यान्वयनमा सरोकारवालाको जोड

साझाकुरा संवाददाता

हेटौंडा, २८ जेठ/ श्रमसम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा मंगलबार हेटौंडामा आयोजित एक कार्यक्रमका सहभागीले जोड दिएका छन् ।

श्रम तथा व्यवसाय जन्य सुरक्षा विभागको आयोजनामा भएको मर्यादित श्रम, उत्पादकत्व बृद्धिको लागि श्रमिक शिक्षा कार्यक्रममा सहभागी सरोकारवालाले कानूनको कार्यान्वयले मात्र श्रमिको अधिकार स्थापित हुनसक्ने बताएका हुन् ।

कार्यक्रममा सहभागीले श्रमसम्बन्धी कानून कार्यान्वयले मात्र श्रमिक र रोजगारदाताबीच सुमधुर सम्बन्ध स्थापित गराउन सक्ने र उत्पादकत्व बृद्धि भई देशले समृद्धि हासिल गर्न सक्ने बताएका छन् ।

सहभागीले राज्यले श्रमिकको सुरक्षामा ध्यान दिनुपर्ने, श्रमिकको समस्या समाधान गर्ने गरी स्थानीय तहमै डेस्क स्थापना हुनुपर्ने, न्युनतम पारिश्रमिक कार्यान्वयन हुनुपर्ने, सबै श्रमिकको सुरक्षाको ग्यारेन्टी रोजगारदाताले गर्नुपर्ने




बताएका थिए । श्रम ऐन पूर्णरुपमा कार्यान्वयन नहुँदा श्रमिकहरु समस्यामा काम गर्न बाध्य रहेको उनीहरुको भनाई थियो । उनीहरुले श्रम ऐन कार्यान्वयनमा ट्रेड युनियनले भूमिका खेल्न सक्ने भएपनि युनियनहरुले काम नगरेको गुनासो गरे ।

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका चक्रबहादुर श्रेष्ठले प्रस्तुतिकरण गर्दै श्रमशिक्षा, श्रमिक र रोजगारदाता, आन्तरिक रोजगारी सम्वन्धी जानकारी गराएका थिए । उनले असल श्रम अभ्यास, मर्यादित श्रम, व्यवसायजन्य सुरक्षा, प्रविधिको प्रयोगलगायत विष्यामा जानकारी गराए । उनले मर्यादित श्रम र उत्पादकत्व बृद्धिका लागि व्यवस्थापकीय पक्षमा ध्यान दिनुपर्ने साथै प्रविधिसम्बन्धी सीपको विकास गर्नुपर्ने बताएका छन् ।

कार्यक्रममा प्रस्तुतिकरण गर्दै विभागका कारखाना निरीक्षक सागर अर्यालले श्रमसम्बन्धी कानून कार्यान्वयन तथा विद्यामान समस्या समाधानका लागि कानूनसम्बन्धी ज्ञान जरुरी रहेको बताएका छन् । मौलिक हकको व्यवस्था, न्यूनतम पारिश्रमीक, सामाजिक सुरक्षा कोषको वारेमा प्रष्ट पार्दै उनले श्रम ऐन र नियमावलीका वारेमा जानकारी गराएका थिए । उनले ऐन नियममा आउने कतिपय समय सापेक्ष परिर्वतनका कारण पनि श्रमिक र रोजगारदाताबीच द्वन्द्व हुने गरेको भन्दै कानूनसम्बन्धी जानकारी हुन जरुरी रहेको बताए ।

श्रम कार्यालय हेटौंडाका प्रमुख रुद्रनारायण साहको अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न ट्रेड युनियनका प्रमुख एवम् प्रतिनिधि, उद्योग वाणिज्य संघमा आबद्ध व्यवसायी तथा उद्योग सञ्चालक, रोजगारदाता, श्रमिक, कर्मचारी लगायतको सहभागिता थियो ।

मर्यादित र व्यवस्थित व्यवसाय सञ्चालनको वातावरण निमार्णसँगै रोजगार दाता, व्यवसायी र श्रमिकले ध्यान दिनुपर्ने कुरावारे जानकारी गराउने उदेश्यले कार्यक्रमको आयोजना गरिएको श्रम कार्यालय हेटौंडाका सूचना अधिकारी उपेन्द्रनाथ पोखरेलले जानकारी दिए ।

# बागमती प्रदेशको औषधि तथा उपकरण प्रक्षेपण



साझाकुरा संवाददाता

हेटौंडा, २८ जेठ/ बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८२/०८३ का लागि प्रदेशस्तरीय औषधि तथा उपकरण प्रक्षेपण सार्वजनिक गरेको छ ।

पहिलोपटक आयोजित यसकार्यक्रममा स्वास्थ्यक्षेत्रमा औषधि आपूर्ति, उपकरण व्यवस्थापन, सेवाविस्तार तथा रोग लाग्न नदिने उपायका विषयमा छलफल भएको थियो । कार्यक्रम उद्घाटन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले आवश्यकता भन्दा बढी औषधि माग गर्ने प्रचलन रहेको बताउँदै रोग लाग्न नदिने जीवनशैली अपनाउनु नै दीर्घकालीन समाधान भएको बताएका छन् । 'नियमित व्यायाम गरेमा धेरै रोग लाग्दैनन् । औषधि वितरणमा भन्दा रोग लाग्न नदिने कुरामा ध्यान दिनुपर्ने बेला आएको छ,' मुख्यमन्त्री लामाले भने ।

मुख्यमन्त्री लामाले औषधि र उपकरणको खरिद प्रक्रिया पारदर्शी बनाइनुपर्ने आवश्यकता औंल्याउँदै कम मूल्यमा बोलपत्र पर्नुका कारण गुणस्तर कम हुने गरेको बताए । स्वास्थ्य मन्त्री किरण थापाले प्रदेशस्तरीय र स्थानीय स्वास्थ्य संस्थाहरुको आवश्यकता अनुसारको बजेट विनियोजन गर्न चुनौतीपूर्ण रहेको बताएका छन् । 'स्वास्थ्यमा अहिलेको परिपाटीमा कम प्रतिशत मात्र बजेट छुट्टिने गरेको छ ।

बिश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार १० प्रतिशत बजेट छुट्टाउनु पर्छ, अहिलेको अवस्थामा सबै अस्पताल र स्वास्थ्य संस्थाका आवश्यकता पूरा गर्न पर्याप्त छैन,' मन्त्री थापाले भने । उनले स्वास्थ्य सेवालाई बिस्तार गर्न सरकार प्रतिवद्ध रहेको भए पनि बजेटका कारण सेवा दिन कठिन भइरहेको उल्लेख गरेका छन् । स्वास्थ्य मन्त्रालयले रोग लाग्न नदिन 'मेरो लागि एक घण्टा समय' भन्ने नारा सहित मन्त्रालयले काम गर्ने उनले बताए । स्वास्थ्य मन्त्रालयकी सचिव डा. सुमित्रा गौतमले स्वास्थ्यक्षेत्रका चुनौती समाधान गर्न कुल बजेटको कम्तिमा १० प्रतिशत स्वास्थ्यमा छुट्याउनुपर्नेमा जोड दिइन् ।

अस्पतालमा बिरामीको चाप बढिरहेको छ । यो चाप व्यवस्थापन गर्न सेवा र पूर्वाधारमा लगानी आवश्यक रहेको उनको भनाइ छ । कार्यक्रममा मदन भण्डारी स्वास्थ्य आपूर्ति केन्द्रका निर्देशक डा. अर्जुन सापकोटाले आगामी वर्षमा आवश्यक पर्ने औषधि र उपकरणको विस्तृत प्रक्षेपण प्रस्तुत गरेका थिए । उनले यो प्रक्षेपण कार्यक्रम पहिलोपटक आयोजना गरि एको उल्लेख गर्दै कम वा अत्यधिक आपूर्ति हुन नदिन योजना बनाइएको बताए । आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्ले, नेकपा एमाले बागमती प्रदेशका प्रमुखसचेतक मधुसूदन पौडेल, प्रदेशसभा सदस्य भरत केसी, नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गंगादत्त नेपाल, सदस्य डा. दिपेन्द्र श्रेष्ठ, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. प्रदीप ज्ञवाली, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. नरेन्द्रकुमार झा, साथै मन्त्रालयका महाशाखा प्रमुखहरु सागर घिमिरे, डा. खगेश्वर गेलाल लगायत जिल्ला स्वास्थ्य कार्यालय प्रमुख सहभागी थिए ।

## आज र भोलि सुन पसल/व्यवसाय बन्द

# बजेटमा कर थपिएकोमा सुनचाँदी व्यवसायीको आपत्ति

साझाकुरा संवाददाता

हेटौंडा, २८ जेठ/ सरकारले हालै प्रस्तुत गरेको बजेटमा सुनचाँदी र बहुमूल्य पत्थरमा लगाइएको करको विरोधमा सुनचाँदी व्यवसायी आन्दोलित भएका छन् ।

मकवानपुर सुनचाँदी व्यवसायी संघले बुधबार पत्रकार सम्मेलन गर्दै चरणबद्ध आन्दोलनको घोषणा गरेको छ । संघका अध्यक्ष पवनकुमार शाक्यले राज्यकै कारण आफूहरु सडकमा उत्रिन बाध्य भएको बताएका छन् । करका कारण व्यवसायी मात्र नभई उपभोक्तासमेत प्रत्यक्ष मारमा पर्ने अध्यक्ष शाक्यको भनाई छ । सरकारले आगामी आर्थिक वर्षको बजेटमा सुनमा २ प्रतिशत विलासिता कर र हीरा तथा बहुमूल्य पत्थरमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लागू गरेपछि व्यवसायीले त्यसको विरोध गर्दै आन्दोलनमा उत्रिएका हुन् ।

यस अघि १० लाख रुपैयाँभन्दा बढी मूल्यका सुनका गहनामा मात्र २ प्रतिशत विलासिता कर लाग्दै आएको थियो । व्यवसायीले सुनको भन्सार ६ प्रतिशत कायम हुनुपर्ने माग गरेका छन् । १५, २० वर्षदेखि माग गर्दै आएको नीति निर्देशिका अवलम्ब गर्न व्यवसायीले




सरकारसँग आग्रह गरेको छ । व्यवसाय नै धरापमा पर्दै गएको अवस्थामा सरकारको अव्यवहारिक कर नीतिले सुनचाँदी व्यवसाय बन्द गर्नुपर्ने अवस्थामा पुगेको अध्यक्ष शाक्यको भनाई छ ।

केन्द्रको कार्यक्रम अनुसार जेठ २९ र ३० गते व्यवसाय बन्द गरेर कालीगढसहित प्रदर्शन गर्ने भएका छन् । जेठ २६ गते जिल्ला प्रशासन कार्यालय मकवानपुरमा व्यवसायीले ज्ञापनपत्र बुझाएका थिए । अबको करप्रणाली अनुसार १ तोलाको गहना बनाउँदा सुनको मूल्य बाहेक ३५ हजार थप लागत बढ्ने अध्यक्ष शाक्यले बताएका छन् । मकवानपुर सुनचाँदी व्यवसायी संघमा हाल २ सय ३० जना व्यवसायी आवद्ध छन् । संघले सुनचाँदी व्यवसायलाई सुनचाँदी कारोबारलाई व्यवस्थित बनाउन नीति निर्देशिका बनाउन पनि आग्रह गरेको छ ।

व्यवसायीले माग पुरा नभए आन्दोलनलाई अझ चर्काउने चेतावनी दिएका छन् । चालु आर्थिक वर्षको १० महिनामा १७ अर्ब १२ करोड ८९ लाख ५० हजार रुपैयाँको सुन आयात भएको भन्सार विभागको तथ्यांक छ । विभागका अनुसार दुबईबाट १६ अर्ब ३ करोड, टर्कीबाट १ अर्ब ४ करोड, कतार बाट ४ करोड ८३ लाख र कुवेतबाट ३६ लाख ७९ हजार रुपैयाँको सुन आयात भएको छ ।

# अपाङ्गता भएका व्यक्तिलाई सहायकसामग्री वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २८ जेठ/ बागमती प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको दैनिकजीवनयापन सहज बनाउनका लागि विभिन्न सहायक सामग्री वितरण गरेको छ ।

हेटौंडा अस्पतालको सभाहलमा बुधबार आयोजित एक कार्यक्रमबीच सामाजिक विकास मन्त्रालयले सहायक सामग्रीहरु प्रदान गरेको हो । सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीको सभाध्यक्षतामा भएको कार्यक्रममा स्वास्थ्य मन्त्री किरण थापाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्दै मन्त्री थापाले अपाङ्गता भएका व्यक्तिको दैनिकी सहज बनाउन सहायता सामग्री प्रदान गरिएको बताएका छन् । सहायक सामग्री प्रदान गर्न सहज होस् भनेर स्वास्थ्य मन्त्रालयले पनि मारवाडी सेवा समाजसँग सम्झौता गरेको उनले जानकारी दिएका छन् ।

मन्त्री थापाले अपाङ्गता भएका व्यक्तिलाई निरन्तर सहयोग गर्दै आएको र भविष्यमा पनि मन्त्रालय सहकार्यका लागि तयार रहेको बताए । अपाङ्गता भएका व्यक्तिलाई आत्मबल बलियो बनाएर अगाडि बढ्न उनले आग्रह गरे । सामाजिक विकास मन्त्री खड्गीले अपाङ्गता भएका व्यक्तिलाई आयआर्जनमा सहभागी गराउन मन्त्रालयले सीप विकास सम्बन्धी तालिम प्रदान गरिरहेको जानकारी दिइन् । भवन संरचना निर्माण गर्दा अपाङ्गतामैत्री भवन बनाउनुपर्नेमा उनले जोड दिइन् ।

दूरदर्शिता नराखी संरचनाहरु निर्माण गरिदा अपाङ्गता भएका व्यक्ति समस्यामा पर्ने गरेको उनले बताइन् । मन्त्री खड्गीले अपाङ्गता भएका व्यक्तिलाई केन्द्रमा राखेर संरचना तथा योजना निर्माण गर्नुपर्नेमा जोड दिँदै यस विषयमा स्थानीय सरकारको भूमिकालाई अझ सशक्त बनाउनुपर्ने धारणा राखिन् । कार्यक्रममा हेटौंडा अस्पतालस्थित अपाङ्गता सरोकार केन्द्रद्वारा उत्पादित कृत्रिम खुट्टा, कृत्रिम हात, वैशाखी, ट्वाइलेट चियर, जुत्ता, क्यालिफर, श्रवणयन्त्र, सेतो छडी लगायत ७२ प्रकारका सहायक सामग्री वितरण गरिएको थियो ।

कुल २३ लाख ९९ हजार रुपैयाँ बराबरको सामग्री ५७ जना अपाङ्गता भएका व्यक्तिलाई प्रदान गरिएको अपाङ्गता सरोकार केन्द्रका अध्यक्ष गणेश दवाडीले जानकारी दिएका छन् । २०७८ सालको जनगणना अनुसार बागमती प्रदेशमा १ लाख २४ हजार १ सय जना अपाङ्गता भएका व्यक्ति छन् । कार्यक्रममा सामाजिक विकास मन्त्रालयको सहयोगमा सञ्चालित सीप पुनर्स्थापना तथा व्यवसायिक तालिम अन्तर्गत झोला तथा ट्रयाकसुट बनाउने तालिमका सहभागीलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

# हेटौंडामा तामाङ लिपी प्रशिक्षण सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २८ जेठ/ प्रदेशको कामकाजी भाषामा तामाङ भाषा पनि समाबेश भएपछि हेटौंडामा तामाङ पत्रकारहरुका लागि ३ दिने तामाङ (तामायिग) लिपि प्रशिक्षण सुरु भएको छ ।

तामाङ पत्रकार संघ मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको सहयोगमा बुधबारबाट तालिम सुरु भएको हो । हेटौंडा-२ स्थित जिल्ला समन्वय समिति मकवानपुरको सभाहलमा सुरु तालिममा मेम्बर लो र लिलाकुमार घलानले प्रशिक्षण दिनेछन् । कार्यक्रममा तामाङ पत्रकार संघ मकवानपुरका उपाध्यक्ष सन्देश थिङले स्वागत मन्तव्य राखेका थिए भने सचीव भुवन घलानले सहजीकरण गरेका थिए ।




तामाङ पत्रकार संघका जिल्ला अध्यक्ष जयराम मोक्तानको सभाध्यक्ष तथा केन्द्रीय सचीव आदर्शसिं थोकरको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेपाल तामाङ घेदुङ संघ बागमती प्रदेशका अध्यक्ष लिलाकुमार घलान, जिला उपाध्यक्ष आत्मराम मोक्तान, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगर, महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारी, राक्सिराङ गाउँपालिका उपाध्यक्ष वनस्तम थिङ, तामाङ पत्रकार संघ बागमती प्रदेशका अध्यक्ष ज्ञानेन्द्र तामाङ, हेटौंडा उपमहानगरका सामाजिक विकास महाशाखाका सहायक पाँचौ तुलाराम पाण्डे, आदिवासी जनजाति पत्रकार महासंघ मकवानपुरका अध्यक्ष नवराज वाईबा, तामाङ कलाकार संघ मकवानपुरका अध्यक्ष धिरेन लामा, सचिव विक्रम लुङ्बा र सदस्य साइला लामा लगायतको उपस्थिति रहेको थियो ।


## सडक दुर्घटनाबाट बचौं र बचाऔं

☞ जेब्रा क्रसिङबाट मात्र सडक पार गरौं,
☞ सडक पेटीबाट हिडौं
☞ रातीको समयमा यात्रा गर्दा प्रकाश परावर्तन हुने कपडा लगाऔं,
☞ चलिरहेको सवारी साधनबाट ओर्लिने वा चढ्ने कार्य नगरौं-नगराऔं,
☞ सवारी साधनमा भएका सिट बेल्ट प्रयोग गरौं,
☞ भीडभाड भएका सवारी साधनमा यात्रा नगरौं- नगराऔं,
☞ सडकमा जथाभावी नहिडौं-नहिडाऔं,
☞ पशु चौपायाहरुलाई सडकमा नछाडौं,
☞ अशक्त, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा वृद्धवृद्धालाई सडक पार गर्न मद्दत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# बहुचर्चित ५२ को मुद्दा- सर्वोच्चले पर्खायो पर्खायो, र फेरि फर्कायो

काठमाडौं/नेपालको राजनीति, प्रशासन र न्यायालय क्षेत्रमा सरोकार राख्नेहरूलाई पछिल्लोपल्ट कण्ठाग्र भएको मिति हो, २८ जेठ । यो यस्तो मिति हो, जहाँ ५२ संवैधानिक पदाधिकारीको नियुक्ति विरुद्ध परेको बहुचर्चित मुद्दामा सर्वोच्च अदालतबाट फैसला आउनेवाला थियो । अझ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्ला दिनमा लिएको तीव्र गतिले त झन् २८ जेठअघि देशमा के-के भइसक्ला भनेर पानीढलोजस्तै मानिइसकेको थियो । तर सिंगै देशले यो मितिलाई जुन व्यग्रतासाथ प्रतिक्षा गरेको थियो, त्यही उदासीनताका साथ यो १८ असारका लागि सरेको छ ।

योसँगै अख्तियार, निर्वाचन आयोग, राष्ट्रिय मानवअधिकार आयोग, महिला आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, लोकसेवा आयोगलगायत विभिन्न संवैधानिक पदहरूमा नियुक्त अधिकारीहरूबारेको फैसलाबारे सर्वोच्चबाट आउने भनिएको फैसलाका लागि अरु तीन साता कुर्नु पर्ने छ ।

सर्वोच्च अदालतले संवैधानिक पदाधिकारीहरू विरुद्धको बहुचर्चित मुद्दामा निर्णय सुनाउने मिति धकेल्दा खासै पत्यारलाग्दो कारण भने देखाउन सकेन । 'छलफल टुंगोमा पुग्न नसकेको' भन्ने मोटामोटी आधार देखाउदै संवैधानिक इजलासले फैसलाका लागि अर्को मिति तोकेको हो । 'छलफल जारी रहेको तर थप समय लाग्ने देखिएकाले निर्णय सुनाउने मिति सरेको भन्ने जानकारी आयो' सर्वोच्च अदालतका प्रवक्ता अच्यूत कुइकेलले भने, 'संवैधानिक इजलासले १८ असारका लागि अर्को मिति तोकेको हो ।'

करिब साढे चार वर्षदेखि विचाराधिन महत्त्वपूर्ण एवं संवेदनशील मुद्दालाई सर्वोच्च अदालतले प्राथमिकता दिन नसकेको देखिन्छ । १ जेठमा संवैधानिक इजलासले चार साताको समय राखेर बुधबारका लागि निर्णय सुनाउने मिति तोकेको थियो । तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशम्सेर जबराको पालादेखि अस्वाभाविक रुपमा रोकिएको र लम्बिएको मुद्दा चार वर्षपछि सुनुवाइ भएको हो । सर्वोच्च अदालतले यो महिनाको सुरुमा कानुन व्ययवसायीहरूलाई ढिलोमा १६ जेठभित्र बहसनोट बुझाउने समय तोकेको थियो । त्यसपछिका १२ दिन समय मुद्दा अध्ययन गर्न र आ-आफ्नो दृष्टिकोण बनाउन पर्याप्त थियो । 'कुरा त्यतिमात्रै होइन, न्यायाधीशहरूबीच व्यक्त रायहरू फरक फरक देखियो, अल्पमत/बहुमतको अवस्था आयो,' सर्वोच्च उच्च स्रोतले संचारकर्मीसँग भन्यो, 'राय बझाएर अल्पमत र बहुमतको अवस्थामा पुग्नु भन्दा दृष्टिकोणमा एकरुपता कायम गरौं भन्ने भए पनि सल्लाहका लागि मिति सारेको देखिन्छ ।'

स्रोतका अनुसार, पाँच सदस्यीय इजलासमा न्यायाधीशहरू बीच ३/२ को अनुपातमा फरक दृष्टिकोण आएको थियो । एकथरीले नियुक्ति बदर गरेर नयाँ सिफारिसका लागि आदेश जारी हुनुपर्ने दृष्टिकोण राखेका थिए भने अर्काथरीले सबै रिट निवेदन खारेज हुनुपर्ने राय दिएका थिए ।

'बरु सबैलाई संसदीय सुनुवाइको प्रक्रिया पूरा गरेर आउनु भन्ने मध्यमार्गी आदेश दिनुपर्ने कोणबाट पनि छलफल भएको हो,' सर्वोच्च स्रोत भन्छ, 'त्यसो गर्नुभन्दा बरु केही समय कुरौं भन्ने भएपछि नै आज फैसला आउन नसकेको हो ।' ५२ संवैधानिक पदाधिकारीहरू विरुद्धको मुद्दामा न्यायपरिषद्का सदस्य रामप्रसाद भण्डारी पनि विपक्षी छन् । 'कानुनविद्'को कोटामा प्रधानमन्त्री ओलीको सिफारिसमा भएका उनले संसदीय सुनुवाइको प्रक्रिया पूरा गरेका थिएनन् । उनी समेत संलग्न हुने न्यायपरिषद्को बैठक बिहीबारका लागि तय भएको थियो ।

चार वर्षे पदावधि सकिएर आगामी १० असारमा अवकाश पाउने उनी अब पूरा कार्यकाल पदमा बस्न पाउने भएका छन् । निर्णय सुनाउने मिति सरेपछि सुरक्षित बनेका उनी समेत संलग्न हुने न्यायपरिषद्ले सम्भवत: उच्च अदालतका रिक्त हुने मुख्य न्यायाधीशहरूदेखि अरु न्यायाधीशको पदपूर्ति गर्नेछ ।

सर्वोच्च स्रोतले भन्यो, 'उहाँ समेत संलग्न परिषद्को बैठक डाकेर न्यायाधीश नियुक्तिमा छलफल गर्ने योजना पहिले नै तय भएपछि त बुधबार फैसला आउने अनिश्चित नै थियो ।' प्रधानमन्त्री केपी शर्मा ओलीले अघिल्लो कार्यकालमा गरेका केही विवादास्पद निर्णयमध्ये ५२ संवैधानिक पदाधिकारीहरूको नियुक्ति पनि प्रमुख हो । उनले त्यतिबेला यो नियुक्तिलाई प्रतिष्ठाको विषय बनाएका थिए ।

प्रधानन्यायाधीश चोलेन्द्र शम्सेर जबराले आफ्नो कार्यकालमा ५२ पदाधिकारीहरू विरुद्धको मुद्दा नियमित रुपमा सारिरहे । जबरा विरुद्धको महाभियोगको विभिन्न कारणमध्ये यही मुद्दाको सुनुवाइमा गरेको ढिलाई पनि एउटा हो । जबरापछिका प्रधानन्यायाधीशहरूले पनि संवैधानिक इजलासको यी १५ मुद्दालाई प्राथमिकतामा राखेनन् । दिपक कार्की, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठको पालामा सुनुवाई नभएको मुद्दा प्रकाशमानसिंह राउत प्रधानन्यायाधीश भएपछि गत माघदेखि अघि बढेको हो ।

त्यसपछि पनि संवैधानिक इजलासले नियमित सुनुवाइ गर्नुको साटो केही साताको अन्तरालमा सुनुवाइ गरेको थियो । सुनुवाइ सकिन मात्रै करिब चार महिना लागेको हो । सर्वोच्च अदालत स्रोतका अनुसार, निर्णय सुनाउने मिति तोकिएपछि करिव चार साताको अवधि रहे पनि मंगलबार साँझदेखि मात्रै न्यायाधीशहरू छलफलमा जुटेका थिए । सामान्यतया: तीन न्यायाधीशभन्दा बढी संलग्न हुने वृहत प्रकृतिको इजलासमा हुने महत्त्वपूर्ण मुद्दामा निर्णय सुनाउनुपूर्व पालैपालो न्यायाधीशहरूको राय सुनिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना